जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष २६ •अंक १८३ • २०८१ साल मंसिर १४ गते शुक्रबार (29 November, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## चुनावको प्रचार बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । उपनिर्वाचनका लागि प्रचारप्रसार बन्द भएको छ । निर्वाचन आयोगको कार्यतालिका अनुसार बिहीबार मध्यरातिदेखि मौन अवधि शुरु भएको छ ।

मधेश प्रदेशको ४ जिल्लाको ६ पालिकामा ७ वडा अध्यक्षका लागि उपचुनाव भइरहेको छ । मंसिर १६ गते हुने मतदानका लागि राजनीतिक दलहरुले बिहीबार प्रचारप्रसारमा सम्पूर्ण ताकत लगाएका थिए ।

सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिकाको वडा नम्बर १ र ४, धनुषा जिल्लाको धनुषाधाम नगरपालिकाको वडा नम्बर १, महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाको वडा नम्बर २ र रौतहट जिल्लाको राजपुर नगरपालिकाको वडा नम्बर ६, ईशनाथ नगरपालिकाको वडा नम्बर ७ र गढीमाई नगरपालिकाको वडा नम्बर ८ मा उपचुनाव हुँदैछ ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल बाहेक मधेश केन्द्रित दलहरु जनता समाजवादी पार्टी( जसपा)नेपाल, जनमत पार्टी, राष्ट्रिय जनता पार्टी(राजपा) सहित नेपाली काँग्रेस, नेकपा एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) लगायतका दलहरुले उम्मेदवार उठाएका छन् ।

सत्ता साझेदार दलहरु पनि छुट्टाछुट्टै उम्मेदवार उठाएका छन् । विपक्षी दलहरुबीच पनि चुनावमा तालमेल भएको छैन ।

विगतमा वडा जितेका दलहरुलाई प्रतिष्ठा जोगाउन चुनौती छ । रौतहटको गढीमाई नगरपालिकामा जसपा नेपालले वडाअध्यक्ष सहित पुरै प्यानल जितेको थियो । तर मृतक वडा अध्यक्षकी पत्नी नेकपा एमालेबाट उम्मेदवारी दिएकी छन् । महोत्तरीको रामगोपालपुरमा माओवादीले मृतक वडा अध्यक्षकै पत्नीलाई उम्मेदवार बनाएको छ ।

गढीमाई नगरपालिकाको उपचुनाव भइरहेको वडामा नै काँग्रेसका मधेश प्रदेश सभापति कृष्णा यादवको घर रहेको र रामगोपालपुर नगरपालिकाको वडा नम्बर २ मा नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवको घर रहेकाले चुनाव बढी महत्वपूर्ण बनेको छ ।

### प्रहरी होच्याउँदै गृहमन्त्री

# सुरक्षा निकायको बजेट आफैं चलाउने दाउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले प्रहरीलाई होच्याउने अभिव्यक्ति दिएर सुरक्षा निकायको मनोबल खसाउने काम गरेको भन्दै आलोचना हुन थालेको छ ।

लैंगिक हिंसाविरुद्धको १६ दिने अन्तर र्ाष्ट्रिय अभियान सम्बद्ध एक कार्यक्रममा बिहीबार मन्त्री लेखीले नेपाल प्रहरीको चर्को आलोचना मात्र गरेनन् बरु स्थिति पनि लाजमर्दो भएको बताए । 'आम नागरिकले प्रहरी प्रशासन भएको अनुभूति अझै पनि गर्न सकेको छैन' उनले भने, मधेश प्रदेशमा नेपाल प्रहरीको अवस्था लाजमर्दो छ ।

मन्त्री लेखीले देशमा प्रहरी प्रशासन भए पनि प्रहरी प्रशासनको उपस्थिति रहेको महसुस आम नागरिकले गर्न नसकेको बताए ।

लेखी नेकपा एमालेका सभासदको हैसियतमा गृह मन्त्री बनेका हुन् । प्रदेश सरकार मातहत नरहेको प्रहरी र प्रशासनलाई बजेट नदिने धारणा उनी राख्दै आएका थिए ।

'हाम्रो देशमा प्रहरी प्रशासन त छ ,तर त्यसको उपस्थिति समुदायले अनुभव गरिरहेको छैन' उनले भने, बुधबार नौ बजे म एउटा प्रहरी चौकीमा पुगेँ, प्रहरीहरु निदाइरहेका, सुतिरहेका थिए ।'

सशस्त्र प्रहरीको कामबाट सन्तुष्ट भएको उल्लेख गर्दै मन्त्री लेखीले नेपाल प्रहरीको अवस्था लाजमर्दो भएकाले सुरक्षा निकायका लागि बजेट किन दिने ? भन्ने प्रश्न गरे ।



मधेश प्रदेशमा बाढी प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत बजेट उपलब्ध नगराइ हालसम्म राहत वितरण उनको कारणले हुन सकेको छैन । विगतमा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई प्रदेश सरकारले बजेट उपलब्ध गराएर प्रभावित परिवारलाई राहत उपलब्ध गराउथ्यो । तर मन्त्री लेखीले कार्यविधि संशोधन गरी सोझै राहत वितरण गर्ने भन्दै प्रभावितलाई थप पीडा दिएका छन् ।

मन्त्री लेखीले राति ढल्केवरहुँदै गृह जिल्ला सप्तरीसम्म पुग्ने क्रमा प्रहरीको अवस्था देखेर आफू आश्चर्यचकित भएको बताए । त्यसपछि डिआईजीलाई फोन गरेर तुरुन्तै बैठक बोलाउन निर्देशन दिएको उनले कार्यक्रममा खुलाए ।

मन्त्री राति सप्तरीसम्म जाँदा राजमार्गमा रहेको प्रहरी चौकी, इलाका, बिटलगायतका स्थानमा सलामी चाहेको बताइन्छ । मन्त्रीको सवारी हुँदा पूर्व जानकारी नहुने कारण प्रहरी सलाम गर्न नभ्याउने गरेको बताइन्छ ।

'हामी लैंगिक हिंसाको अन्त्यको कुरा गर्दैछौं । हाम्रा सुरक्षाकर्मीहरु पनि त्यत्तिकै जिम्मेवार छन्, यो विषयमा । तर उनीहरुको अवस्था हिजो हेर्दा उदेक लाग्यो,' उनले थपे । अहिलेकै जस्तो अवस्था रहीरहे सुरक्षाका लागि बजेट किन दिने भनेर समेत उनले प्रश्न गरे ।

तर मन्त्री लेखीले सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानको भूमिकाबाट आफू अत्यन्त सन्तुष्ट रहेको बताए । सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानको भूमिका नागरिक समाजसित प्रत्यक्ष छैन । सशस्त्र प्रहरीले सीमामा तस्करी नियन्त्रण, विशेष परिस्थितिमा दंगा नियन्त्रण, नेपाली सेनाले दैवी प्रकोप उद्धार, विशेष परिस्थिति बाहेक परिचालन हुँदैन । राष्ट्रिय अनुसन्धान परिषद् गोप्य सुचना संकलनको काम मात्र गर्छ ।

लैंगिक हिंसा र समाजमा रहेका विकृति, विसंगति अन्त्यका निम्ति सुरक्षा निकाय पनि जिम्मेवार बन्नुपर्ने उनले बताए।


लेखी गृह मन्त्रालय सम्हालेदेखि हालसम्म गोष्ठीमा भत्ता र कमिसन बाहेकको काम गरेका छैनन् । विभिन्न समयमा दैवी प्रकोपमा परेकाहरुलाई राहत समेत उपलब्ध गराइएको छैन ।

मधेश प्रदेश सरकार मातहत नरहेको प्रहरी, जिल्ला प्रशासनलाई प्रदेश सरकारले बजेट उपलब्ध नगराउने भन्दै आएका छन् । तर उनले प्रहरी, प्रशासनलाई प्रदेश सरकार मातहत राख्न पहल पनि गरेका छैनन् । गृहमन्त्री लेखी सम्बद्ध एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा संघीय सरकार छ ।

तर मन्त्री लेखीले प्रहरी समायोजनका लागि पाँच महिनामा कुनै पहल गरेका छैनन् । मन्त्री लेखीले दोषी देखाएका प्रहरीलाई प्रदेश सरकारकाले कारवाही गर्न सक्दैन । गृहमन्त्री लेखीले तत्काल कारबाहीका लागि संघीय गृहमन्त्रीलाई गुहारेर कारबाही गराउन सक्नु पर्छ ।







# रास्वपा सभापति लामिछानेलाई काठमाडौँ लगियो



कास्की । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई बयानका लागि काठमाडौँ लगिएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त शर्माले विहिबार साँझ ५:१४ बजे बुद्ध एयरको विमानबाट लामिछानेलाई काठमाडौँ लगिएको जानकारी दिनुभयो । लामिछानेविरूद्ध काठमाडौँको स्वर्णलक्ष्मी सहकारीको बचत अपचलन गरेको अभियोगमा काठमाडौँ जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरिसकेकाले बयानका लागि लगिएको शर्माले बताउनुभयो ।

पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा सहकारीको रकम ठगी र सङ्गठित अपराध कसुरमा गत कात्तिक २ गते पक्राउ पर्नुभएका लामिछानेलाई जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखेर अनुसन्धान भइरहेको छ । उहाँलाई बयानका लागि यसअघि रुपन्देही लगेर पुनः पोखरा ल्याइएको थियो ।

जिल्ला अदालत कास्कीको आदेशबाट पटक-पटक म्याद थप गर्दै प्रहरीले लामिछानेविरुद्ध सहकारीकोरकमअपचलनसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको जनाएको छ ।रासस

# ‘कोप–२९ मा एनसिक्यूजी कार्यान्वयन प्रक्रिया स्पष्ट भएन’

काठमाण्डु । बाकुको अजरबैजानमा यही साता सकिएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (यूएनएफसिसिसी)का पक्ष राष्ट्रको २९औँ शिखर सम्मेलन (कोप २९) मा नयाँ सामूहिक परिमाणात्मक लक्ष्य (एनसिक्यूजी)मा सार्वजनिक गरिएको जलवायु वित्तसम्बन्धी निर्णय फितलो रहेको कोपमा उपस्थित नेपाली प्रतिनिधिको निष्कर्ष छ । जलवायु सङ्कट छिटोछिटो निम्तिरहे पनि जलवायु वित्तका लक्ष्य कार्यन्वयनमा ढिलासुस्ती हुने गरी कोपमा एनसिक्यूजीसम्बन्धी निर्णय भएको भन्दै आलोचना भएको हो ।




नेपाललगायत अतिकम विकसित मुलुकको समूह (एलडिसी)लगायतले एनसिक्यूजीको लक्ष्यमा जलवायु वित्तको आकार बढाउनुपर्ने, यसमा सहज पहुँच पुऱ्याउनुपर्ने, समयमा नै जलवायुजन्य सङ्कटको मामना गरिरहेका मुलुकले क्षतिपूर्ति पाउनुपर्नेलगायत एजेन्डामा निर्णय हुनुपर्ने भन्दै कोपमा जोडबल गर्दै आइरहेका थिए । कोपको अन्तिम निर्णयसम्म आइपुग्दा एनसिक्यूजीका लक्ष्य कार्यान्वयनको प्रक्रिया स्पष्ट नभएको र ढिलासुस्ती गर्ने गरी निर्णय गरिएको भन्दै कोपमा उपस्थित प्रतिनिधि नै निराश छन् ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले एनसिक्यूजीसम्बन्धी निर्णय हेर्दा कोपका उपलब्धि सोचेअनुसार नभएको टिप्पणी गर्नुभयो । “कोपमा आशातित सफलता प्राप्त भएन, जलवायु वित्त सहयोग एक दशमलव तीन त्रिलियन हुनुपर्ने हाम्रो माग रहेकामा जम्मा तीन सय बिलियन सहयोग हुने भनिएको छ । यो हामीले सोचेअनुसार न्यायोचित भएन”, उहाँले भन्नुभयो ।

जलवायु वित्तका जानकार राजुपण्डित क्षेत्रीले जहिले पनि धनी तथा विकसित मुलुकले जलवायु वित्तको आकार बढाउन आनाकानी गर्ने र सहयोग उपलब्ध गराउने समयसीमा पनि बढाउने निर्णय नै फितलो भएको टिप्पणी गर्नुभयो । “नेपालजस्ता अतिकम विकसित मुलुकले विश्वमा जलवायुजन्य सङ्कट समाधानका लागि आवश्यक पर्ने जलवायु वित्तको आकार बढाउन माग गर्दै कोपमा निरन्तर पैरवी गरियो । एक दशमलव तीन त्रिलियन अमेरिकी डलर जलवायु वित्त आवश्यक पर्ने कुरा दूरदर्शी थियो”, उहाँले भन्नुभयो, “कोप २९ मा सन् २०३५ सम्ममा तीन सय अर्ब अमेरिकी डलर दिने भन्ने मात्रै सहमति भएको छ । त्यो सहमति प्रतिवर्ष भन्ने होइन । २०३५ सम्म पुग्दा तीन सय अर्ब अमेरिकी डलर पुऱ्याउने लक्ष्य एकदमै कम हो ।”

जलवायु वित्तका महत्वकाङ्क्षी लक्ष्य कार्यान्वयनमा यसपटक पनि धनी तथा विकसित मुलुकपछि हटेको भन्दै क्षेत्रीले कोपमा भएका निर्णय धनी मुलुकका लागि जित र नेपालजस्ता कम विकसित मुलुकका लागि हारजस्तो भएको टिप्पणी गर्नुभएको छ । “तीन सय अर्ब अमेरिकी डलर पनि निजी तथा विभिन्न स्रोतबाट आउने भनिएको छ । विकसित मुलुकले नै कति हाल्छन् भन्ने स्पष्ट हुन सकेको छैन । हामीले अनुकूलन र हानी नोक्सानीको विषयमा जलवायु वित्त अनुदान सुनिश्चित हुनुपर्छ भनेका थियौँ,” उहाँले भन्नुभयो, “तर यो पनि भाषामा मात्रै लेखियो । सुनिश्चित भएन । हाम्रा सवाल दस्ताबेजीकरण मात्रै भयो । कार्यन्वयन हुन सकेन ।”

अर्का जलवायुविद् डा पपुलर जेण्टल भुसालले एनसिक्यूजीलगायत एजेन्डामा भएको निर्णय उपलब्धिमूलक नभएको टिप्पणी गर्नुभएको छ । “नेपालले तयार गरेको आफ्नो राष्ट्रिय निर्धारित योगदान (एनडिसी), अनुकूलन योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्त अब समयमा नै नजुट्ने अवस्था देखिन्छ । जसले यी योजना कार्यन्वयनमा चुनौती देखापर्छ,” उहाँले भन्नुभयो, “एनडिसी कार्यन्वयन गर्न सकेमा कार्बन उत्सर्जन कटौती भएर विश्वको तापमान वृद्धि सीमित लक्ष्मा राख्न सकिन्छ ।”

भुसालले कोपमा अपेक्षा गरेअनुसारको जलवायु वित्तको आकार बढाउन नसक्नु नेपाललगायत कम विकसित मुलुकको एजेन्डा कार्यन्वयनमा बेवास्ता हुनु हो भन्नुभयो । अतिकम विकसित मुलुकको समूह (एलडिसी) ले पनि एनसिक्यूजीको मस्यौदा बन्दादेखि नै विरोध जनाएको थियो । कोप सम्पन्न भएकै दिन एलडिसीले कोप उपलब्धिमूलक नरहेको र संवेदनशील मुलुकका लागि ठूलो धोका भएको भन्दै असन्तुष्टि व्यक्त गरेको थियो ।

**के हो ? एनसिक्यूजि**

नयाँ सामूहिक परिमाणात्मक लक्ष्य (एनसिक्यूजी) जलवायु परिवर्तनसम्बन्धी संयुक्तराष्ट्रसङ्घीयसंरचना(युएनएफसिसिसी) अन्तर्गत विकसित राष्ट्रले विकासशील राष्ट्रलाई उपलब्ध गराउने वित्तीय सहयोगको परिमाणात्मक रूपमा तोकिएको नयाँ लक्ष्य हो । सन् २०२५ पछिका लागि जलवायु वित्तको व्यवस्थापन, वितरण र प्रभावलाई सुनिश्चित गर्न नयाँ दिगो र प्रभावकारी उपायको खोजी गर्न यो लक्ष्य तय गरिएको हो ।

विकसित राष्ट्रहरूले २०२० सम्म प्रतिवर्ष एक सय अर्ब अमेरिकी डलर जुटाउने लक्ष्य पूरा गर्न नसकेकाले २०२५ पछिको वित्तीय संरचनामा सुधार गर्ने उद्देश्यले एनसिक्यूजी सुरुआत गरिएको हो । यसले अनुकूलन, न्यूनीकरण, जलवायु क्षति र हानि सम्बोधनका लागि सहयोग गर्ने अपेक्षा गरिएको छ । जलवायु जोखिममा रहेका देशको आवश्यकताअनुसार वित्तीय स्रोत प्रवाह सुनिश्चित गर्नु यसको महत्वपूर्ण लक्ष्य हो ।

जलवायुविद् मञ्जित ढकालले एनसिक्यूजीले विकसित र विकासशील राष्ट्रबीच सहमति गरेर लक्ष्य निर्धारण गर्ने, ती लक्ष्यको कार्यान्वयन सुनिश्चित गर्न जलवायु वित्तको क्षेत्रलाई थप दिगो र समावेशी बनाउने उद्देश्य लिएको बताउनुभयो । यसको सफल कार्यान्वयनले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न र जोखिम कम गर्न महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ ।

ढकालले थप स्पष्ट गर्दै भन्नुभयो, “एनसिक्यूजीको मर्म भनेको जलवायु परिवर्तनका प्रभावको सामना गर्न विकासशील र कम विकसित राष्ट्रको आवश्यकता पूर्ति गर्दै उनीहरूको दिगो विकासलाई सुनिश्चित गर्न दिगो वित्तीय स्रोतको सुनिश्चित गर्नु हो ।”रासस

# वर्ल्डलिङ्क कम्युनिकेसन्समा फिनफण्डको एक करोड युरो लगानी

काठमाण्डु । नेपालको सबैभन्दा ठूलो इन्टरनेट सेवा प्रदायक तथा देशकै अग्रणी आइसिटी कम्पनी वर्ल्डलिङ्क कम्युनिकेसन्स लिमिटेडमा फिनल्याण्डको सरकारी फण्डिङ्ग कम्पनी फिनफण्डले एक करोड युरो लगानी गरेको छ ।

फिनफण्डको लगानी विद्यमान फाइबर नेटवर्क विस्तार गर्न प्रयोग गरिने वर्ल्डलिङ्क कम्युनिकेसन्सले जनाएको छ । नेपालमा झन्डै आधा जनसङ्ख्या अझै पनि ब्रोडब्यान्ड इन्टरनेटको पहुँचबाट वञ्चित हुनुका साथै सहरी र ग्रामीण क्षेत्रमा उल्लेखनीय असमानता हटाउँदै विश्वस्तरीय डाटा सेन्टरले नेपालको कनेक्टिभिटीमा सुधार र आर्थिक वृद्धिलाई टेवा पुर्‍याउने वर्ल्डलिङ्कले जनाएको हो ।

विहिबार आयोजित कार्यक्रममा फिनल्याण्डका वैदेशिक व्यापार तथा विकास मन्त्री भीले ट्याभियोको उपस्थितिमा वर्ल्डलिङ्कका अध्यक्ष दिलिप अग्रवाल र फिनफण्डको तर्फबाट वरिष्ठ लगानी प्रबन्धक कुट्टी किल्पेलेइनले लगानी सम्बन्धित सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।



“वर्ल्डलिङ्कले नेपालको ग्रामीण क्षेत्र र दुर्गम गाउँमा आफ्ना सेवा विस्तार गरेर डिजिटल विभाजनलाई कम गर्ने दिशामा काम गरिरहेको छ भने डिजिटल पूर्वाधारमा फिनफण्डको लगानीले समुदायलाई छिटो, गुणस्तरी र भरपर्दो इन्टरनेट सेवा उपलब्ध गराउन खोजेको छ”, फिनफण्डका किल्पेलेइनले भन्नुभयो, “फिनिश लगानीकर्ता भएकाले, हामी पक्कै पनि वर्ल्डलिङ्कले आफ्नो इन्टरनेट सेवा विस्तार गर्न उन्नत प्रविधि प्रयोग गर्छ भन्ने तथ्यलाई पनि महत्त्व दिन्छौँ ।”

फिनिश प्रविधि तथा उपकरण निर्माता नोकिया र वर्ल्डलिङ्कको सहकार्यले वर्ल्डलिङ्कका ग्राहकलाई समग्र इन्टरनेट अनुभवलाई भरपर्दो, तीव्रगतिको र थप विश्वसनीय बनाउने लक्ष्य राखेको छ ।डाटा सेन्टर क्षेत्रमा वर्ल्डलिङ्कको विस्तारले वर्ल्डलिङ्कका ग्राहकलाई मात्र नभई अन्य इन्टरनेट सेवा प्रदायक, टेलिकम र सार्वजनिक तथा निजी क्षेत्रका संस्थालाई पनि फाइदा पुग्ने विश्वास लिइएको छ ।

“फिनफण्डको लगानी नेपालको हरेक कुनालाई तीव्र, भरपर्दो र किफायती इन्टरनेट नेटवर्कमा जोड्ने हाम्रो लक्ष्यमा एउटा महत्वपूर्ण कोसेढुङ्गा सावित हुनेछ”, वर्ल्डलिङ्कका अध्यक्ष दिलीप अग्रवालले भन्नुभयो, “हाम्रो फाइबर नेटवर्क विस्तार, विश्वस्तरीय डाटा सेन्टर स्थापना, सहर र ग्रामीण भेगबीचमा देखिएको डिजिटल विभेद्लाई हटाउँदै देशभर डिजिटल रुपान्तरणलाई गति दिने लक्ष्य राखेका छौँ ।”

उहाँका अनुसार वर्ल्डलिङ्कले पाँच हजारभन्दा बढी व्यक्तिहरुलाई रोजगारी प्रदान गरेको छ । कम्पनीसँग नेपालमा ३५ प्रतिशत ब्रोडब्यान्ड बजार र नौ लाखभन्दा बढी परिवारमा पहुँच प्रदान गरेको जनाउँदै कम्पनीले ७७ मध्ये ७३ जिल्लामा सेवा प्रदान गर्दै आएको उहाँले बताउनुभयो । वर्ल्डलिङ्क ठूलो विदेशी लगानी भित्र्याउन नेपालको इन्टरनेट सेवा प्रदायकमध्येको पहिलो र एक मात्र कम्पनी हो । कम्पनीले यसअघि ब्रिटिश इन्टरनेसनल इन्भेस्टमेन्ट (बिआइआई) र डोल्मा इम्प्याक्ट फण्ड (डिआइएफआइआई)मार्फत विदेशी लगानी भित्र्याइसकेको छ ।रासस

# तीनजना युवा भाषा वैज्ञानिक पुरस्कृत

काठमाण्डु । भाषा विज्ञान नेपालको ४५औं अन्तर्राष्ट्रिय सम्मेलनमा तीनजना विद्यार्थीहरु ‘युवा भाषा वैज्ञानिक पुरस्कार’बाट पुरस्कृत हुनुभएको छ ।

दर्शनाचार्य-विद्यावारिधी (एमफिल-पिएचडी)मा अध्ययनरत युवा भाषा वैज्ञानिकहरु मोहन गुरुङ, सिर्जना घिमिरे र नेह गर्ग ‘युवा भाषा वैज्ञानिक पुरस्कार-२०८१’को आवार्डबाट पुरस्कृत हुनुभएको हो । गुरुङ र घिमिरे त्रिभुवन विश्वविद्यालय, भाषा विज्ञान केन्द्रीय विभाग र गर्ग बनारस हिन्दु विश्वविद्यालयका विद्यार्थी हुनुहुन्छ ।यही मङ्सिर ११ र १२ गते काठमाडौंमा सम्पन्न सम्मेलनमा अनुसन्धान लेखन र प्रस्तुतिकरणको आधारमा उहाँहरुलाई नगद रू १० हजार, प्रमाणपत्र र अवार्डबाट पुरस्कृत गरिएको हो ।

‘गण्डकी क्षेत्रको ठाडो भाकाः समाज भाषिक अध्ययन’ विषयको अनुसन्धान लेखन एवम् प्रस्तुतीकरणको आधारमा गुरुङले अवार्ड प्राप्त गर्नुभएको हो । त्यस्तै ‘बहुभाषिक कक्षाकोठमा सिकाइमा कठिनाई’ विषयबाट घिमिरेले र ‘मैथिलीका शाब्दिक, रुपात्मक तथा वर्णनात्मक प्रेरणार्थक सङ्केतनः तुलनात्मक अध्ययन’ विषयबाट खोज, लेखन र प्रस्तुतिकरणको आधारमा गर्गले आवार्ड पाउनुभएको त्रिभुवन विश्वविद्यालय, भाषा विज्ञान केन्द्रीय विभागका उपप्राध्यपक एवं कार्यक्रम आयोजक भाषा विज्ञान समाज नेपालका महासचिव डा तारामणी राईले बताउनुभयो ।



हरेक वर्षको अङ्ग्रेजी महिना डिसेम्बर २६ र २७ गते आयोजना गरिने सम्मेलनमा नेपालका दुईजना र नेपाल बाहिरका एकजना भाषा वैज्ञानिकले यो अवार्ड पाउने गरेका छन् । यो अवार्ड नेपालको भाषाबारे अध्ययन, अनुसन्धान र लेखनका लागेका भाषा वैज्ञानिकहरुले पाउने गरेको महासचिव डा राईले बताउनुभयो ।

डा समर सिन्हा (सिक्किम विश्वविद्यालयका प्रोफेसर), डा दानराज रेग्मी र डा भिमलाल गौतम (त्रिभुवन विश्वविद्यालय) रहेको मूल्याङ्कन समितिको सिफारिसका आधार अवार्ड वितरण गरेको हो । सम्मेलनमा अमेरिका, अष्ट्रेलिया, भारत, जर्मनी, साउदी अरब, पोल्याण्ड, बेलायत लगायत १० देशका भाषा वैज्ञानिकहरुको सहभागिता रहेको महासचिव डा राईले बताउनुभयो ।रासस

# बागमती प्रदेशका चार लाख ७० हजार परिवार स्वास्थ्य बीमामा आबद्ध

बागमती । सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रममा बागमती प्रदेशका चार लाख ७० हजार दुई सय ५६ परिवारका १३ लाख ६५ हजार तीन सय ६२ जना आबद्ध भएका छन् । उक्त तथ्याङ्क विसं २०७४ भदौ १ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम लागू भएयता हालसम्मको रहेको स्वास्थ्य बिमा बोर्ड मकवानपुरका प्रमुख नरबहादुर खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी चितवनमा ७२ प्रतिशत परिवार स्वास्थ्य बिमामा आबद्ध भएका छन् भने सबै भन्दा कम काठमाडौँमा छ प्रतिशत परिवार स्वास्थ्य बिमामा आबद्ध भएका छन् ।

चितवनमा एक लाख ७९ हजार तीन सय ४५ परिवारमध्ये एक लाख २९ हजार चार सय ३८ परिवार बिमित हुँदा काठमाडौँमा पाँच लाख ४४ हजार आठ सय ६७ परिवारमध्ये ३० हजार चार सय २० परिवार मात्र स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएको प्रमुख खड्काले बताउनुभयो ।

भक्तपुरको ६६ हजार नौ सय ५६ परिवार, मकवानपुरको ५४ हजार पाँच सय २३ परिवार बिमामा आबद्ध भएको तथ्याङ्क छ । काभ्रेपलाञ्चोकका ४३ हजार तीन सय ५६ परिवार, नुवाकोटमा २३ हजार एक सय ६७ परिवार, सिन्धुपाल्चोकमा १७ हजार छ सय ३० परिवार, सिन्धुलीमा २७ हजार सात सय ५८ परिवार, रामेछापमा २१ हजार एक सय ६५ परिवार, दोलखामा १५ हजार छ सय आठ परिवार, धादिङमा २५ हजार आठ सय ३८ परिवार, रसुवामा चार हजार सात सय ६५ परिवार र ललितपुरमा नौ हजार छ सय ३२ परिवार स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएको प्रमुख खड्काले बताउनुभयो ।

कार्यालयमा बिमा दर्ताका लागि नयाँ आवेदन पनि आइरहेको स्वास्थ्य बिमा बोर्ड कार्यालयले जनाएको छ । मकवानपुरमा स्वास्थ्य बिमा बोर्डले जिल्लाको सम्पूर्ण स्थानीय तहका वडामा सहजकर्तामार्फत प्रचारप्रसारसँगै बिमितहरुको नाम दर्ता गराउँदै आएको छ । स्वास्थ्य बिमा गराएकाले जिल्लाको आठ स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिँदै आएका छन् । हेटौंडा अस्पताल, मनहरी आधारभूत अस्पताल, हेटौँडा सामुदायिक आँखा अस्पताल, पालुङ प्राथमिक स्वास्थ्य केन्द्र, भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्र, बकैया आधारभूत अस्पताल, राक्सिराङ आधारभूत र सिएम सि चुरेहिल अस्पताल प्राली हेटौँडाबाट स्वास्थ्य बिमा गरेकाले सेवा लिँदै आएका छन् ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रौतहट जिल्लाको परोहा नगरपालिका-१ जीडदवा गाउँमा रहेको परम्परागत बाँस भकारी । अहिले अन्न भण्डारणका निम्ति बजारमा आयातित विभिन्न आधुनिक किसिमका प्लास्टिक तथा धातुजन्य सामग्री पाइन थालेपछि परम्परागत भकारी लोप हुन थालेको हो । *तस्बिरः रासस*

# उखुको जुस बेचेर मासिक ४० हजार आम्दानी

महोत्तरी । मिथिला-१ ढल्केबरका ३० वर्षीय पञ्चलाल साहले उखुको जुस बेचेर मासिक ४० हजार आम्दानी गर्दै आउनुभएको छ । महोत्तरीको बर्दिबासचोकमा बिहानैदेखि साँझसम्म उखु पेलेर रस बेच्ने काम गर्दै आउनुभएका उहाँले आम्दानी गर्न विदेश जानु नपर्ने धारणा राख्नुभयो ।

"हामीले कुरा नबुझी भौतारिन्छौँ, काम गर्न सके स्वदेशमा आन्दानीका प्रशस्त स्रोत छन्", उखुको रस बेच्दै साहले भन्नुभयो, "आफ्नै ठाउँमा परिवारको साथमा काम गर्न र जीविकोपार्जन गर्न सकिन्छ । अवसर खोजी गरेर मेहनत गर्नुपर्छ, आम्दानीका स्रोत जति पनि भेटिन्छन् ।"

पछिल्ला तीन वर्षदेखि बर्दिबासलाई आफ्नो बजार बनाउनुभएका साहले उखुको रस बेचेको कमाइले परिवारको गुजारा चलाउनुका साथै यसअघि विदेश जाँदाको रु चार लाख ऋण पनि तिरिसकेको बताउनुभयो । "महिनामा रु ४० हजार कमाइ हुन्छ, किन जानु खाडी ?", उहाँले प्रश्न गर्नुभयो, "मैले अहिले विदेश जाने कुरा सोच्नै छाडेँ ।"

पछिल्ला तीन वर्षदेखि बर्दिबासलाई आफ्नो बजार बनाउनुभएका साहले उखुको रस बेचेको कमाइले परिवारको गुजारा चलाउनुका साथै यसअघि विदेश जाँदाको रु चार लाख ऋण पनि तिरिसकेको बताउनुभयो । "महिनामा रु ४० हजार कमाइ हुन्छ, किन जानु खाडी ?", उहाँले प्रश्न गर्नुभयो, "मैले अहिले विदेश जाने कुरा सोच्नै छाडेँ ।"

यसअघि गरिबीले थिचेर जीविकोपार्जनका लागि कतार र सउदीअरेबियामा पाँच वर्ष बिताउँदा ऋणको भार लिएर फर्केको साहको अनुभव छ । "घरको दुःख टार्न भनेर ऋण गरेर गएँ, दलालको चक्कर रहेछ, भनेको काम नपाएर ऋण बोकेर रुँदै घर फर्कें", उहाँले भन्नुभयो, "स्वदेश फर्केर रु दुई लाखमा उखु पेल्ने मोटर किनेर काम थालेँ, अहिले परिवारको खर्च गर्न कुनै दुःख छैन ।"



यहाँको कामले पुरानो ऋण तिरेर घरगुजारा चलाउँदै छरछिमेकमा पर्दा दुई/चार सय सरसापट चलाउनसक्ने भएको साहले बताउनुभयो । "मेरो छ जनाको परिवारलाई दैनिकी चलाउन, छोराछोरी पढाउन अहिले कुनै समस्या छैन", उहाँले भन्नुभयो । साहले दुई छोराछोरीलाई बर्दिबासमा राखेर पढाइ रहनुभएको छ ।

साहजस्तै ईश्वरपुर नगरपालिकाको श्रीनगरका २० वर्षीय विक्कीकुमार साहले पनि उखुको जुस बेच्ने काम गर्दै आउनुभएको छ । खोजखाज गरेर राहदानी बनाउनुभएका विक्कीले विदेश जाने ऋण नपाएपछि सानो पुँजीले दुई वर्षअघि उखु पेलेर जुस बेच्न थालेको बताउनुभयो । अहिले यसबाट कमाइ हुन थालेपछि छुटेको पढाइलाई निरन्तरता दिनुका साथै घर खर्चमा सहयोग गर्न थालेको उहाँले बताउनुभयो ।

"दैनिक रु एक हजार भन्दा बढी आम्दानी हुन्छ, अहिले १२ कक्षाको पढाइलाई निरन्तरता दिन थालेको छु । अब ऋण काढेर विदेश जाने सोच छैन", विक्कीले भन्नुभयो । बर्दिबासचोकमा मात्रै यही पेसा गरिरहेका छ/सातजना भेटिन्छन् । सबैजसोले दैनिक काम गर्दा मनग्ये आम्दानी भइरहेको प्रतिक्रिया दिने गरेका छन् ।

महोत्तरी, सर्लाही र धनुषामा उखुखेती बढी हुने भएकाले यहाँ कच्चापदार्थ (उखु) खोज्न भौतारिनु नपर्ने र रस नगदमा जाने हुँदा उधारो करोबार नहुने विक्कीको भनाइ छ ।मोटर गुडाउँदै उखु पेलेर रस बेच्ने काम गरिरहेकाहरूसँग किसान पनि खुसी छन् । यिनीहरूले चिनीमिलको भन्दा केही बढी मूल्यमा तत्काल नगद दिएर उखु लाने हुँदा दैनिक गर्जो टार्न नगद आइरहेको बर्दिबास-२ का किसान क्षेत्रबहादुर भुजेलले बताउनुभयो ।

बजारचोकमा उखुको जुस खाने बाक्लै आगन्तुक हुन्छन् । आफ्नै आँखा अगाडि पेलेर ताजा जुस दिने भएकाले उपभोक्ताको रोजाइमा परेको हो । "पसलमा राखिएका विभिन्न थरिका जुसभन्दा यो स्वस्थ्यकर र तत्काल ऊर्जा दिने हुन्छ", स्थानीय स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झाले भन्नुभयो ।

स्वदेशमा अवसर खोज्ने हो भने विदेश जानुपर्ने बाध्यता अन्त्य हुने झाको भनाइ छ । साना व्यावसायिलाई स्थानीय सरकारले जीविकोपार्जनमूलक सीप विकास, आर्थिक तथा प्राविधिक सहयोग गरी युवालाई विदेश जानबाट रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो ।रासस

# खाजा खर्च, दक्षिणा र उपहार पाएको रकमबाट जेष्ठ नागरिक र विद्यार्थीलाई सहयोग

काठमाण्डु । अमेरिकाको ओहायो राज्यको कोलम्बसमा बस्दै आउनुभएकी सोनिया अधिकारीले झापाको बेलडाँगी र मोरङको पथरीमा रहेको भुटानी शरणार्थी शिविरमा बस्ने जेष्ठ नागरिक र विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गर्नुभएको छ ।

बुबाआमाले दिएको खाजा खर्च, दसैं तिहारमा पाएको दक्षिणा र जन्मदिनमा पाएको उपहार रकम जम्मा गरेर दुवै शिविरमा बस्ने बृद्धबृद्धा र असक्तलाई चार सय थान कम्बल र विद्यार्थीलाई एक हजार सात सय थान शैक्षिक सामग्री र केही थान कपडा एकल महिलालाई वितरण गरेको अधिकारीले बताउनुभयो ।

"मलाई यहाँ आएर सहयोग गर्न मन थियो । त्यो पनि आफैंले जम्मा गरेको रकमले, त्यो सपना पूरा भएको छ", अधिकारीले बताउनुभयो, "मैले केही वर्षदेखि नै खाजा खर्च, दसैं, तिहार, जन्मदिन र अरु अवसरमा आफूले पाएको रकम जम्मा गरेर राखेकी थिए ।



त्यो रकम मलाई अन्यत्रभन्दा शरणार्थी शिविरमा सहयोग गर्न मन लागेर नेपाल आएकी हुँ । सहयोग गर्न पाउँदा खुसी लागेको छ ।"

उहाँ अमेरिकाबाट एकसाताको मात्र बिदा लिएर नेपाल आउनुभएको हो । कक्षा १२ अध्ययनरत अधिकारीको इच्छा १८औं जन्मदिनको अवसरमा वितरण गर्ने थियो । त्यही इच्छा पूरा गर्न यसपटक नेपाल आएर रू १४ लाख बराबरको कम्बल र शैक्षिक सामग्री वितरण गरेको उहाँले बताउनुभयो । नर्सरी कक्षादेखि ३ कक्षासम्मका बालबालिकालाई दुई वटा पेन्सिल, दुई वटा इरेजर, दुई वटा सार्पनर, दुईवटा एक सय पृष्ठका कपी र कलर पेन्सिलको एक प्याकेट र स्केलको एउटा प्याक बनाएर वितरण गरेको पत्रकार एवं समाजसेवी चुडामणी भट्टराईले बताउनुभयो । रासस

# उपत्यकाबाट हराएका २७ मोटसाइकल फेला

काठमाण्डु । ट्राफिक प्रहरीले काठमाडौँ उपत्यकामा विभिन्न सयमा हराएका २७ मोटरसाइकल तथा स्कुटर फेला पारेर सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयमा विहिबार आयोजित कार्यक्रममा कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले १८ मोटरसाइकल र नौ स्कुटर सम्बन्धित धनीलाई हस्तान्तरण गर्नुभयो ।

उहाँले कार्यालयमा प्राप्त निवेदनका आधारमा खोजी गरेका सवारी साधनलाई आज धनीलाई बुझाइएको बताउनुभयो । कार्यालयले हराएका मोटरसाइकल काभ्रेपलाञ्चोक, कोटेश्वर, गौशाला, नँयाबसपार्क, सोह्रखुट्टे, मालिगाँउ, मङ्गलबजार, गोकर्ण, नगरकोट, ताथली र बुद्धनगर लगायतका स्थानबाट फेला पारेको थियो ।

कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक उमाप्रसाद चर्तुवेदीले हराएका सवारी साधन नम्बरप्लेट नक्कली हालेर चलाएको अवस्थामा फेला पारिएको बताउनुभयो । ट्राफिक प्रहरीले हालसम्म २१० दुईपाङ्ग्रे सवारी साधन फेला पारेर सम्बन्धित धनीलाई बुझाइसकेको छ । यस्तै सवारी साधन चोरीमा संलग्न ३२ जनालाई पक्राउ गरी कारबाहीका लागि विभिन्न प्रहरी कार्यालय तथा वृत्तमा पठाइसकेको प्रवक्ता चर्तुवेदीले बताउनुभयो ।

ट्राफिक प्रहरीले आव २०७९/८० मा ४९९ र २०८०/८१ मा ४१७ दुईपाङ्ग्रे सवारी साधन खोजतलास गरी सम्बन्धित धनीलाई बुझाइसकेको छ । सवारी साधन चोरी तथा हराउनबाट रोक्न आफ्नो सवारी साधन सुरक्षित स्थानमा पार्किङ गरी, ह्वील लक, चेन लक, ह्यान्डिल लक, डिस्क लकलगायत सुरक्षा साइरन जडान गर्न सबैलाई ट्राफिक प्रहरीले अनुरोध गरेको छ ।रासस

# 'सख्खर जस्तै गुलियो व्यापार'

बरहथवा । सर्लाहीको बरहथवा नगरपालिका-८, का जिवस मण्डल सख्खर (गुण) व्यापारबाट सख्खरजस्तै गुलियो आम्दानी गरिरहनुभएको छ । उमेरले ६५ वर्ष पार गरिसक्नुभएका उहाँले आठ वर्षदेखि घर नजिकै उखु पेलेर सख्खर बनाउने कोल (क्रसर) सञ्चालन गर्नुभएको हो । खेती किसानी मुख्य पेसा भए पनि मौसमी पेसाको रुपमा कोल क्रसर चलाउने गरेको उहाँ बताउनुहुन्छ । तीनदेखि चार महिनाको बीचमा हुने यस पेसाबाट वर्षेनी सख्खर बेचेर पाँचदेखि सात लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ छ । ''कोल चलाएको आठ वर्ष भयो, यसकै आम्दानीले घर व्यवहार गर्न र केही रकम बचत गर्न सकेको छु'' उहाँले भन्नुभयो ।

विषेशगरी कात्तिक अन्तिम हप्ताबाट सुरु गरेर फागुन/चैतसम्म उहाँ कोल चलाउने गर्नुहुन्छ । दैनिक ५० क्विन्टलसम्म उखु क्रसिङ गर्ने मण्डलले पाँच सय केजीभन्दा बढी नै सख्खर बनाएर बजार पठाउने गर्नुहुन्छ । उहाँले उत्पादन गर्नु भएको सख्खर रु ६० देखि एक सय २० सम्ममा व्यापारीहरूले लैजाने गरेका छन् । उहाँले भन्नुभयो, ''राम्रो सख्खरको धेरै मूल्य आउँछ । अलि फोहोर भयो भने, मूल्य कम आउँछ ।''

नजिकैका खेतहरूमा लगाएको उखु किनेर पेल्ने गरेको मण्डलको भनाइ छ । जिल्लामा रहेका चिनी उद्योगहरू ढिला चल्ने हुँदा उखु हटाएर अन्य बाली लगाउने किसानलाई उखु काट्न हतारो हुने गर्दछ । अन्य मकै, गहुँ, तोरी, आलुलगायतको बाली लगाउन समयमै उखु बेच्नु पर्ने किसानहरूलाई चिनी उद्योग ढिलो चल्दा समस्या हुने गरेको छ । उहाँ तिनै किसानहरूको उखु खरिद गरिदिनुहुन्छ र सख्खर बनाएर बिक्री गर्नुहुन्छ । स्थानीय किसानहरु पनि चिनी उद्योगहरुले समयमै खरिद नगरिदिए पनि मण्डललाई बिक्री गरेर सानातिनो गर्जो टार्न सकेको बताउँछन् । यस वर्ष पनि मण्डलले प्रतिक्विन्टल चार सय ५० रुपैयाँमा उखु खरिद गरेको बताउनुभयो । उद्योगले केही बढी मूल्य दिए पनि ढुवानी, खर्च, वर्षौंसम्म पैसा पाउन समस्या रहेकाले कोलमा उखु दिँदा सजिलो भएको बरहथवा-८ का उखु किसान रामजनम राय बताउनुहुन्छ ।

मण्डल भन्नुहुन्छ, ''मलाई उखु किसानको समस्या राम्ररी थाहा छ, किसानहरूलाई सात/आठ दिनमै भुक्तानी गरिदिन्छु । यसले पनि किसानहरु आफैँ बोकेर उखु ल्याइदिन्छन् ।'' कतिपय किसानलाई त आफूले उखु लिनुभन्दा पहिला नै खेती, लगाउन बिउ मल किन्न, घरखर्च टार्न पैसा दिने गरेको उहाँ बताउनुहुन्छ । मण्डलले क्रसरमा अन्य पाँच जनालाई काम समेत दिनुभएको छ । उनीहरुको पनि तीनदेखि चार महिनाको रोजीरोटी यसैबाट टरेको छ ।



मण्डलको जस्तै जिल्लामा झण्डै ५० वटाको हाराहारीमा सख्खर बनाउने कोल क्रसर सञ्चालनमा रहेका छन् । कोल क्रसरले मात्र वर्षेनी अढाई लाख क्विन्टल बढी उखु क्रसिङ गर्ने गर्दछन् । यस पेसामा २ सय ५० जना बढी कामदारको रुपमा कार्यरत छन् । सर्लाहीबाट मात्र दुई हजार पाँच सय केजी हाराहारीमा सख्खर उत्पादन हुने गरेको छ । यहाँ उत्पादन भएका सख्खर छिमेकी जिल्लामा मात्र नभई काठमाडौँ, चितवन, बिराटनगरलगायतका शहरहरुमा पनि पुग्ने गरेको स्थानीय व्यापारी दिनेश महतोले बताउनुहुन्छ ।

### भारतीय सख्खरले स्थानीय किसान मारमा

भारतीय बजारबाट चोरी तस्करी भएर आउने सख्खरका कारण स्थानीय उत्पादनकर्ता मारमा पर्ने गरेको मण्डलले गुनासो छ । ''भारत सरकारको किसानलाई ठूलो मात्रामा अनुदान दिने भएका कारण लागत कम छ'' उहाँले भन्नुभयो, ''कालोबजारीबाट किनेको मलखाद र बिउबिजनबाट उत्पादन भएको बालीले कसरी प्रतिस्पर्धा गर्नु ? हाम्रोमा लागत धेरै छ ।''भारतबाट आउने सख्खरमा गुणस्तर समेत नभएको उहाँको दाबी छ । यसले गर्दा नेपाली उपभोक्ता ठगिन बाध्य भएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, यसबारेमा अधिकांश उपभोक्तालाई थाहा हुँदैन । केही सस्तोमा पाइयो भन्छन् तर पछि पछुताउनु पर्ने हुन्छ ।'' भारतको सिमावर्ती क्षेत्रबाट खुल्लमखुल्ला ट्रकका ट्रक भित्रिने गुणस्तरहीन सख्खर नियन्त्रण नगरेसम्म स्थानीय उत्पादनले बजार पाउन नसक्ने र उपभोक्ता पनि ठगिने अवस्था रहने उहाँको भनाइ छ ।

### चिनी उद्योगलाई उखु तान्ने हतारो

सरकारले उखुको न्यूनतम् मूल्य निर्धारण गर्नुअघि नै चिनी उद्योगहरुले धमाधम किसानहरुसँग उखु खरिद गर्न थालेका छन् । जिल्लामा रहेका तीन वटा चिनी उद्योगले सञ्चालनको तयारी गर्दैगर्दा क्रसिङ सुरु गरेका छन् । लामो समय किसानको उखुको भुक्तानी नदिएर विवादग्रस्त बनेको जिल्लाको धन्कौल अन्नपूर्ण चिनी उद्योगले किसानसँग उखु खरिद गर्न शुरु गरेको छ । यही मङ्सिर ६ गतेदेखि क्रसिङ शुरु गरेर चार दिनमा २६ हजार आठ सय ७१ क्विन्टल उखु क्रसिङ गरिसकेको उद्योगका प्रबन्धक शैलेन्द्र गुप्ताले जानकारी दिनुभयो । उखु खरिद गरेको भुक्तानी नदिने र किसानलाई दुख दिने छवि बनेको अन्नपूर्ण यतिबेला नयाँ उद्योगीबाट सञ्चालनमा आएसँगै किसानको भरोसा बटुल्न लागिपरेको स्थानीय किसानहरु बताउँछन् ।यसवर्ष भने मङ्सिरको पहिलो हप्ताबाटै क्रसिङ गरेर उद्योगले किसानको भरोसा बटुल्ने प्रयास गरेको हो । अब किसानहरूसँग राम्रो समन्वय गरेर क्रसिङ शुरु गरेको गुप्ताले भन्नुभयो,.''किसानको पुरानो बक्यौता रकम भुक्तान भइसकेको छ ।'' उद्योगले यस वर्ष १८ लाख क्विन्टल हाराहारीमा उखु क्रसिङ गर्ने लक्ष्य राखेको उद्योगका प्रबन्धक पवनकुमार सिंहको भनाइ छ ।

विसं २०७९ मा नयाँ उद्योगीको निकै पहल पछि केही किसानले पुरानो भुक्तानी पाए । त्यसपछि उद्योग सञ्चालन भएको थियो । क्रसिङ सिजनको अन्तिममा सञ्चालनको प्रयास गरेको उद्योगले उपकरणमा आएको खराबीका कारण लगभग ६८ हजार क्विन्टल मात्र क्रसिङ गरेको थियो । अझै उद्योगलाई पूर्ण भरोसा गरेर उखु दिन नसकेको स्थानीय उखु किसानहरूले बताएका छन् । जिल्लाको धन्कौल गाउँपालिका-३, निवासी विन्देश्वर महतोले थोरै मात्रामा उखु दिएको बताउनुभयो । ''मैले उखु रोप्नै छोडिसकेको छु ।'' उहाँले भन्नुभयो, ''थोरै खेतमा लगाएको उखु फेरि गाउँकै उद्योगलाई दिएको छु । बढीमा १५ दिनमा भुक्तानी दिने उद्योगीले बचन दिनुभएको छ ।'' उद्योगमा प्रत्यक्ष जोडिएका स्थानीयले पहिलो चरणमा उखु दिएका छन् ।

यस क्षेत्रमा उत्पादन भएको उखु हरिवनको इन्दुशङ्कर चिनी उद्योग हरिवन, गोडैता नगरपालिकामा रहेको महालक्ष्मी चिनी उद्योग बगदहमा दिने गरेको महतोले बताउनुभयो । जिल्लाका अन्य उद्योगले अहिले कटानी भएको उखुको चिनी राम्रो नपर्ने भन्दै उद्योग सञ्चालनमा ढिलाई गरिरहँदा अन्नपूर्णले भने किसानको मन जित्न समय अगावै उद्योग सञ्चालनमा ल्याएको हो । यस वर्ष उद्योगले कम्तीमा १५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको उखु प्रबन्धक दिनेश अग्रहरीले जानकारी दिनुभयो । उद्योगी तथा व्यवस्थापन पक्षले खेतमै पुगेर किसानहरूलाई उखु दिन आग्रह गरिरहेका अर्का उखु किसान बृजेन्द्र रायले बताउनुभयो ।


यस्तै गोडैता नगरपालिकास्थित बगदहमा रहेको महालक्ष्मी चिनी उद्योगले यस वर्षको क्रसिङ शुरु गरेको जनाएको छ । केही दिनदेखि उखु सङ्कलन गरेर उद्योग सञ्चालन गरिएको सिंहले जानकारी दिनुभयो । उद्योगले वर्षको केही भुक्तानी बाँकी राखेको र त्यो समेत एक/दुई सातामा भुक्तानी गरिने समेत उहाँको भनाइ छ । गत वर्ष यस उद्योगले १२ लाख ३७ हजार तीन सय क्विन्टल उखु क्रसिङ गरेको थियो ।

जिल्लाको अर्को चिनी उद्योग इन्दुशङ्करले पनि मङ्सिरको अन्तिम साताबाट क्रसिङ शुरु गर्ने जनाएको छ । देशमै व्यवस्थित मानिने जिल्लाको हरिवनमा रहेको इन्दुशङ्कर चिनी उद्योगले यस सिजनको लागि क्रसिङ तयारी अवस्थामा रहेको उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले बताउनुभयो । उद्योगले यसवर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने जनाएको छ । यस उद्योगले अघिल्लो वर्ष २१ लाख ४८ हजार ६ सय ११ क्विन्टल उखु क्रसिङ गरेको थियो ।

उखुको अनुदान बापतको रकम भुक्तानीमा ढिलाइ भएका कारण जिल्लाको उद्योगहरू सञ्चालन हुन नसक्दा अन्य जिल्लाका उद्योगहरूले ठूलो परिमाणमा सर्लाहीको उखु लगेकाले यहाँका चिनी उद्योगहरूले पर्याप्त उखु नपाएको बताएका थिए । देशमै धेरै उखु खेती हुने सर्लाहीमा वर्षेनी ७० देखि ८० लाख क्विन्टल सम्म उखु उत्पादन हुने गरेको तथ्याङ्क छ ।

### समर्थन मूल्य अन्योलमै

मङ्सिर आधा सकिनै लाग्दा समेत सरकारले यस सिजनको लागि उखुको समर्थन मूल्य तय नगर्दा किसान र उद्योगी दुवै अन्योलमा परेका छन् । उखु काटेर बेच्न लैजान समय घर्किंदै गर्दा पनि अझै निर्णय नभएको उखु किसानहरूको गुनासो छ । ''पहिला नै समर्थन मूल्य तय गर्ने व्यवस्था भए आफूलाई फाइदा भए उखु लगाउने नभए नलगाउने गर्न पाउँथ्यौँ, नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले भन्नुभयो ।यता उखु उद्योगहरूले भने तत्काललाई गत वर्ष सरकारले तोकेको समर्थन मूल्य भुक्तानी गरेर उखु खरीद गर्ने तयारी गरेका छन् । पछि सरकारले तय गरेको समर्थन मूल्य दिने गरी अहिलेलाई अघिल्लो वर्षको मूल्यमा खरिद गर्ने व्यवस्था गरिएको महालक्ष्मी चिनी उद्योगले जनाएको छ । तर, किसानहरू भने सरकारले पछि थपेको बाँकी रकम नपाउने चिन्तामा छन् । अघिल्लोपटक प्रतिक्विन्टल रु पाँच सय ६५ रुपैयाँ तोकिएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जिल्लागत संरचना गैरकानुनी

नेपाल अधिराज्यको संविधानमा जिल्ला भन्ने शब्द नै राखिएको छैन । पछिल्लो पटक जारी भएको संघीय गणतान्त्रिक संविधानमा जिल्लागत संरचनाको अवधारणालाई राखिएको छैन । संविधान जारी हुनु पूर्व जिल्लागत संरचना रहेको थियो । तर संविधान निर्माणकर्ताहरुले त्यसको आवश्यकतालाई महसुस गरेनन् । संविधानमा स्थानीय, प्रदेश र संघीय संरचनामात्र राखिएको छ। तर संविधानको मर्म र भावना विपरीत जिल्लागत संरचना राखिएको छ। प्रहरी, प्रशासनसहित जिल्लागत अन्य धेरै सरकारी निकायको संरचना क्रियाशील छ। संविधानले नचिनेको जिल्लागत संरचनालाई खारेज गरी प्रदेश अन्तर्गत राख्न कयौं पटक संघीयता पक्षधर दलहरुले आवाज पनि उठाएका छन्। तर संघीय सरकारले त्यो संरचनालाई संविधानमा राख्ने प्रयास नगरे पनि खारेजको पक्षमा समेत देखिएको छैन । व्यवहारिक रुपमा जिल्लागत संरचना आवश्यक छ । देशमा सात प्रदेश राखिए पनि ७७ जिल्लालाई कायमै गरिएको छ । संविधानमा जिल्ला नभए पनि त्यो आवश्यक भने छ। जिल्लागत संरचनाले सुरक्षा, प्रशासनिकलगायतका क्षेत्रमा समन्वय, कार्यान्वयन गर्न मद्दत गरिरहेको छ । राजनीतिक आधारमा स्थानीय, प्रदेश र संघीय सरकार मात्र राखिए पनि एउटा जिल्लाको सबै निकायबीच समन्वयकारी भूमिका निर्वाह गर्ने निकाय जिल्ला प्रशासन, त्यसैगरि सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय, कृषिका लागि कृषि विज्ञ केन्द्र, पशु विज्ञ केन्द्रलगायतका निकायहरुले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ । संविधान निर्माण गर्ने बखत नेताहरुले कयौं ठूला भुलहरु गरेका छन् । त्यसमध्ये जिल्लागत संरचनालाई संविधानमा उल्लेख नगर्नु पनि एउटा भुल हो। संविधानले नचिनेको संरचनालाई गैरकानुनी भन्नुपर्छ। छिमेकी भारतमा पनि संघीय संरचना छ । स्थानीय, प्रदेश र संघीय सरकार छ । तर जिल्लागत संरचना छ । प्रशासनिक निकाय डिष्ट्रिक मजिष्ट्रेट(डीएम), जिल्ला प्रहरी एसपीले हेर्ने व्यवस्था छ । अन्य सबै निकायको जिल्लागत संरचना छ । तर हाम्रो देशको संविधानमा नै जिल्लालाई हटाइदिएको छ । संविधान निर्माण गर्नेहरुले मधेशी, आदीवासी, जनजाति, दलित, महिलाको अधिकार खोस्न केन्द्रित हुँदा कयौं महत्वपूर्ण विषयलाई संविधानमा राखेनन् । संविधानलाई जति उत्कृष्ट भनिए पनि त्यसमा अनेकौं त्रुटिहरु छन् । संविधानलाई उत्कृष्ट बनाउन संशोधन आवश्यक छ । संविधानलाइ संशोधन गरी जिल्लागत संरचनालाई समेत समावेश गर्नुपर्छ। उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्षको भूमिकामा क्रियाशील राख्नु पर्छ । संविधानमा जिल्लागत संरचनालाई समावेश नगरिए सर्वोच्चमा मुद्दा जाँदा समस्या उत्पन्न हुन सक्छ। संविधानमा संशोधन गरी जिल्लागत संरचनाको प्रावधान राखेर त्यसलाई प्रदेश सरकार मातहत राख्न आवश्यक छ ।त्यो नै उपयुक्त हुनेछ।

# सामाजिक सञ्जालहरू अस्थिर समाज :फेक न्युज



डा.केदार कार्की

नेपालमा मात्रै होइन सामाजिक सञ्जालमा विश्वव्यापीरूपमा 'फेक न्युज' अर्थात 'झुठो समाचार' चुनौतीको रूपमा देखापरेको छ। त्यसैगरी उद्योगधन्दा, व्यवसाय, अर्थतन्त्र, समाज, परिवार र व्यक्तिगत तहमा पनि सामाजिक सञ्जालसँग सम्बन्धित र साइबर क्राइमका घटनाहरू प्रशस्तै सुन्न र पढ्न पाइन्छ । सामाजिक सञ्जालको दुरुपयोगले पारिवारिक विखण्डन हुने खालका सामाजिक अपराधका घटनाहरु पनि हुने गरेका छन् ।

विश्वभर प्रजातन्त्र स्थापना गर्न मिडियाले महत्वपूर्ण भूमिका खेलेको छ। १८ औं शताब्दीदेखि, विशेष गरी अमेरिकी स्वतन्त्रता आन्दोलन र फ्रान्सेली क्रान्तिको समयदेखि, मिडियाले जनतासम्म पुग्न र उनीहरूलाई ज्ञानले सुसज्जित बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। लोकतान्त्रिक देशहरूमा लोकतान्त्रिक प्रणालीविना स्वतन्त्र सञ्चारमाध्यमको अस्तित्व समाप्त हुन नसक्ने भएकाले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको काम कारबाहीमा नजर राख्न मिडियालाई 'चौथो सम्पदा' भनिन्छ।

प्राविधिक सक्रियतापछि अहिले 'सोसल मिडिया एक्टिभिज्म' आजको पुस्ताका लागि पर्यायवाची बनेको छ । आज तीन मध्ये दुई जना नेपालीले फेसबुक, ट्विटर, युट्युब, पिन्टेरेस्ट लगायतका विभिन्न सामाजिक सञ्जालहरूमा अनलाइन समय बिताउँछन्। अहिले पनि सामाजिक सञ्जालको तुलनामा व्यक्तिगत इमेल पठाउने चलन समाजमा निकै पुरानो भइसकेको छ ।

नेपाल र विश्व नै फेक न्यूजको समस्यासँग जुधिरहेको छ, जसले समाजको आधारभूत जग मात्र हल्लाएको छैन, जनतामा डर पनि पैदा गरेको छ। पछिल्ला केही वर्षयता सामाजिक सञ्जाल जङ्गल जस्तै बनेको छ र यस सामाजिक सञ्जालमा जङ्गलको आगोझैं झुटा समाचार फैलिरहेको छ जसले अनावश्यक हानि पुऱ्याइरहेको छ। लगभग हरेक दिन, फेसबुक पोस्ट वा व्हाट्सएपमा भाइरल सन्देश मार्फत व्यक्तिहरू भीडद्वारा आक्रमण गरिएको वा कसैलाई अन्धाधुन्ध रूपमा मारिएको समाचारहरू फैलिन्छन्। पछिल्लो समय यस्ता घटना बढ्दै गएका छन् ।

आज नेपालमा झुटो समाचार र शक्तिशाली झूटले भ्रमित भई देशमा झूटको माध्यमबाट घृणा फैलाउन हरेक गल्ली र कुनामा पर्खिरहेका सचेत भीड जम्मा भएका छन् । व्हाट्सएपमा, अप्रमाणित सन्देशहरू समूह र व्यक्तिहरू बीच आदानप्रदान हुन्छन्। ऐतिहासिक कालदेखि नै नेपाली समाज आफ्नो सर्वसमावेशक स्वभाव, करुणा र सहिष्णुताका लागि परिचित छ, तर अहिलेको प्रवृत्तिलाई हेर्दा नेपाललाई विशेष बनाएका यी सबै कुराको पूर्णतया उल्टो देखिन्छ। फेक न्यूजको बढ्दो प्रवृत्तिले देशको सामाजिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ, जहाँ प्रत्येक समुदाय धर्म वा जातको आधारमा अन्य समुदायका मानिसहरू विरुद्ध हतियार उठाउँछन्।

यस्ता घटनाप्रति दुःख व्यक्त गर्नुका साथै सम्बन्धित निकायलाई हेर्नुपर्ने हो भने यस्ता घटनालाई सम्बोधन गर्न सरकार प्रायः मौन रहन्छ, जसले समाजमा त्रास बढाउँछ । अहिले सम्म कुनै पनि सरकार चाहे त्यो राज्य सरकार होस् वा केन्द्र सरकार, ठूलो संख्यामा फैलिने झुटा समाचारको खतरा र समाजमा पर्ने असरलाई रोक्न असफल भएको छ ।

यहाँ नकली समाचार को खतरा संग लड्न को लागी एक उपयोगी गाइड छ। यसले प्रयोगकर्ताहरूलाई उनीहरूले प्राप्त गर्ने सबै फर्वार्ड गरिएका सन्देशहरूमा विश्वास नगर्न र सन्देश पठाउने उद्देश्यलाई ध्यानपूर्वक बुझ्न आग्रह गर्यो। मेसेजिङ एपले प्रयोगकर्ताहरूलाई व्हाट्सएपमा सेयर गरिएका भिडियो वा तस्बिरहरूमा विश्वास नगर्न पनि आग्रह गरेको छ, किनभने ती प्रयोगकर्ताहरू भित्र विशिष्ट व्यक्ति वा समाज विरुद्ध घृणा जगाउन प्रयोग गर्न सकिन्छ। प्रयोगकर्ताहरूले बुझ्नुपर्छ कि यी नक्कली समाचारहरू साम्प्रदायिकता र समुदायलाई विभाजित गर्ने जस्ता ठूला उद्देश्यहरू पूरा गर्न प्रचार गरिन्छ।

मिडिया लोकतन्त्रको "चौथो सम्पदा" हो र यसले न्याय सुनिश्चित गर्न र सरकारी नीतिहरूको फाइदा समाजको भित्री वर्गसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्छ। उनीहरूले सरकार र देशका नागरिकबीचको चेनको रूपमा काम गर्छन्, सञ्चारमाध्यममा जनताको विश्वास हुने भएकाले यसले दर्शकमा पनि प्रभाव पार्छ। नेपाली राजनीतिको परिवर्तनशील गतिशीलताले मिडियाबाट जनताको अपेक्षा बढाएको छ किनभने परिवर्तनको यो चरण व्यक्तिगत धारणामा विश्वास गर्न धेरै सजिलो हुन्छ। देशका पुराना पुस्ताले अझै पनि परम्परा र संस्कृतिका आधारमा कुराहरू निर्णय गर्छन्, जबकि अहिलेका युवाहरू तीव्र गतिमा बढिरहेको विश्वमा प्रविधि र सामाजिक सञ्जालमा बढी रुचि राख्छन्। तसर्थ, त्त्ए च्यानलहरूलाई बढावा दिनको लागि प्रसारित सूचनाहरू पक्षपाती वा हेरफेर नगरिएको सुनिश्चित गर्न मिडियाको लागि यो महत्त्वपूर्ण हुन्छ।

पछिल्ला केही वर्षहरूमा, सामाजिक सञ्जाल किशोरकिशोरीहरूमाझ मात्र नभई पुरानो पुस्ता सहित सबै मानिसहरू माझ पनि धेरै लोकप्रिय भएको छ। व्यक्तिगत रूपमा, यसले तपाइँका साथीहरू र परिवारसँग जडान गर्ने अवसर प्रदान गर्दछ, जबकि व्यावसायिक रूपमा, सामाजिक सञ्जाल साइटहरूले आफ्नो पहिचान, प्रतिष्ठा, र नेतृत्व पुस्ता स्थापना गरेर व्यवसायलाई कायम राख्न र बढाउन मद्दत गर्दछ।

> सामाजिक सञ्जालको काम र कसरी प्रयोग गर्ने भनेर बुझ्न महत्त्वपूर्ण छ। सामाजिक सञ्जालको अत्यधिक प्रयोगले ठूलो समस्या ल्याउन सक्छ। यसलाई रोक्न फेसबुक, ट्वीटर, युट्युब जस्ता सामाजिक सञ्जालमा आफ्नो समय सीमित गर्नुपर्छ । आराम गर्न समय लिनुहोस् र बाहिर जानुहोस्। इन्टरनेट सामाजिक सञ्जाल प्रयोग गर्नको लागि मात्र होइन। यो जानकारीको भण्डार हो, त्यसैले यसलाई बुद्धिमानीपूर्वक प्रयोग गर्नुहोस्।

फेसबुक जस्ता सोशल मिडिया साइटहरू आधुनिक जीवनको एक महत्त्वपूर्ण भाग बनेको छ। यसको मद्दतले तपाइँ तपाइँका साथीहरूसँग तुरुन्त र वास्तविक समयमा जडान गर्न सक्नुहुन्छ। प्रयोगकर्ताहरूले एकअर्कासँग अन्तरक्रिया गर्न, बारम्बार जडान गर्न, र सामाजिककरण गर्न सक्छन्।

धेरै प्रयोगकर्ताहरू सोशल मिडियामा समय बिताउँछन् तर सामाजिक मिडियाको अत्यधिक र अनियन्त्रित प्रयोगले गम्भीर लत निम्त्याउन सक्छ। हाम्रो मस्तिष्कको केन्द्रको उत्तेजनाको कारणले सामाजिक सञ्जाल गतिविधिहरु संग आनन्द को भावना जागृत हुन्छ। यद्यपि डोपामाइनको केन्द्र र उत्पादन अन्य गतिविधिहरूसँग एकैसाथ ट्रिगर गरिएको छ, यो अनलाइन सञ्चार र अन्तरक्रियामा पूर्ण रूपमा फरक स्तरमा गरिन्छ।

इन्टरनेटको अत्यधिक प्रयोगले एकाग्रतामा बाधा पुऱ्याउनमा ठूलो भूमिका खेल्न सक्छ। सामाजिक सञ्जालमा काम गर्दा, वैकल्पिक कार्यहरू राख्नुहोस्। एउटै काममा फोकस गर्दा ध्यान केन्द्रित गर्ने क्षमता कम हुन्छ। यस्ता गतिविधिले तपाईको दिमागलाई आराम दिन्छ। यसको अत्यधिक प्रयोगले दिमागमा थकान र तनाव निम्त्याउँछ।तपाईंले याद गर्नु भएको छ कि जब तपाइँ इन्टरनेटमा तपाइँको कुनै पनि काम सुरु गर्नुहुन्छ, तपाइँ पहिलो कुरा तपाइँको आफ्नै विशेष गरी फेसबुक प्रोफाइल जाँच गर्नु हो। जसले वास्तवमा धेरै उपयोगी समय बर्बाद गर्दछ।

सामाजिक सञ्जालले पहिचान चोरी, विवरण चोरी, साइबर जालसाजी, ह्याकिङ र भाइरस आक्रमणको सम्भावना बढाएको छ। यदि तपाईंले कुनै पनि सामाजिक सञ्जाल साइटमा आफ्नो ठेगाना, फोन नम्बर, कार्यस्थल र आफ्नो पारिवारिक जानकारी अपडेट गर्नुभएको छ भने, तपाईंले आफ्नो गोपनीयता गुमाउनुभएको छ। सामान्यतया, हामी फेसबुक मा हरेक दिन नयाँ तस्वीर पोस्ट गरिरहन्छौं। तस्बिर र अन्य जानकारीको दुरुपयोग समाजका खराब तत्वहरूले गर्न सक्ने भएकाले यसो गर्दा होसियार हुनुपर्छ।तपाईंले सामाजिक सञ्जाल प्रयोग गर्दा धेरै होसियार हुनुपर्छ, किनकि यसले तपाईंलाई जोखिममा र अप्ठ्यारो परिस्थितिमा पार्न सक्छ।

एकातिर सामाजिक सञ्जालको पक्षमा उत्कृष्ट र प्रशंसनीय कामको लामो शृृ ला छ भने अर्कोतर्फ तथाकथित भड्काउ सन्देश, भाषण, भिडियो, अफवाह, झुटा समाचार, घृणायुक्त भाषण । घृणा र घृणा फैलाउने, हिंसाको आगोमा सामाजिक सद्भावको कपडालाई जलाउने बाढीले सामाजिक सञ्जालको विश्वसनीयता, निष्पक्षता र प्रामाणिकतामा प्रश्नचिन्ह खडा गरेको छ । 'जिसी देख तवे परात उसको गाउँ सारी रात' को ढाँचामा काम गरेर राजनीतिक दलको हितका लागि नैतिक मूल्य र आदर्शलाई नष्ट गर्ने, आफ्नो व्यक्तिगत स्वार्थका लागि कसैको छवि बिगार्ने र हत्या तिनीहरूको चरित्र वा चरित्र हत्यागर्ने केही सामाजिक सञ्जाल छन् । विश्वका धेरै लोकतान्त्रिक मुलुकको सार्वभौमसत्तामा गम्भीर खतरा पैदा गरेको छ। भीड लिन्चिङका डरलाग्दो घटनाहरू देशको आन्तरिक सुरक्षाका लागि पनि चिन्ताको विषय हुन्। भर्चुअल संसारमा कुनै व्यक्तिको बारेमा मनगढन्ते, झुटो र भ्रामक अफवाह, सूचना आदि फैलाएर व्यक्तिलाई अपराधी साबित गरिन्छ नतिजाको रूपमा, एक अनियन्त्रित हिंसात्मक भीडले सार्वजनिक रूपमा व्यक्तिलाई कुटपिट गर्छ।

भाषाको "ह्रास" को लागि पूर्णतया सोशल मिडियालाई दोष दिनु उचित हुनेछैन। आखिर, यो हामी हो जसले वेबलाई निर्देशन दिन्छ, अरू कसैलाई होइन। हाम्रो दैनिक प्रयोग भाषाको पतनको लागि आंशिक रूपमा दोषी छ। भाषाको स्तर, चाहे त्यो हिन्दी होस् वा अंग्रेजी, पत्रपत्रिका, पुस्तक र छोटो रूप आदिमा पनि खस्कँदै गएको छ । कुनै पनि विषयलाई पढ्न सजिलो बनाउन त्यसमा विभिन्न भाषाहरू एकसाथ प्रयोग गरिन्छ। हिंग्लिसको उदय पनि यसको उदाहरण हो र हामीले पढेको सामग्री मिश्रित भाषाहरूको मिश्रण हो जुन मूलधारमा प्रकाशित हुन्छ।आखिर, हामी को हौं, हामी कहाँ छौं, र हामी के द्वारा घेरिएका छौं धेरै हदसम्म निर्धारण गरिन्छ।

तसर्थ, सामाजिक सञ्जालको काम र कसरी प्रयोग गर्ने भनेर बुझ्न महत्त्वपूर्ण छ। सामाजिक सञ्जालको अत्यधिक प्रयोगले ठूलो समस्या ल्याउन सक्छ। यसलाई रोक्न फेसबुक, ट्वीटर, युट्युब जस्ता सामाजिक सञ्जालमा आफ्नो समय सीमित गर्नुपर्छ । आराम गर्न समय लिनुहोस् र बाहिर जानुहोस्। इन्टरनेट सामाजिक सञ्जाल प्रयोग गर्नको लागि मात्र होइन। यो जानकारीको भण्डार हो, त्यसैले यसलाई बुद्धिमानीपूर्वक प्रयोग गर्नुहोस्।

नेपालको सन्दर्भमा सामाजिक सञ्जालको उपयोगबाट हुने अपराध अनुसन्धान गर्न र जोखिम न्यून गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु पर्छ । देशमा आवश्यक नियम र कानूनको तर्जुमा गरी लागु गर्नुपर्ने हुन्छ। साइबर क्राइमसँग सम्बन्धित अपराध अनुसन्धान गर्न हरेक जिल्लामा साइबर क्राइम अनुसन्धान युनिट गठन हुनुपर्ने हो ।त्यति मात्रै होइन, यी सबै कामको लागि सरकारी निकायहरू बीचमा राम्रो समन्वय र सहयोग हुनु जरुरी हुन्छ । कतिपय अवस्थामा अन्तर्राष्ट्रियस्तरमा समन्वय हुनुपर्छ, जुन आफैँमा चुनौतीपूर्ण काम हो ।

# नेपाली विद्यार्थीका लागि असहज बन्दै बेलायत

**रामनाथ घिमिरे**

रामेछाप गेलुका उज्वल कार्की उच्च शिक्षाका लागि बेलायत उत्रिँदा मनमा कुनै उमङ्ग थिएन । सुनौलो र सुनिश्चित भविष्यको आशामा बेलायत आइपुग्नुभएका कार्कीको मनमा मडारिएको अनिश्चित र अन्योलपूर्ण भाव अनुहारमा प्रष्ट देखिन्थ्यो । "सुरुमा त बेलायत जाने भनेपछि खुसीको सीमा थिएन, भिसा पनि लाग्यो, घरपरिवार र साथीभाइबाट पनि बधाई आएको थियो" उहाँले मलिनो अनुहारमा भन्नुभयो, "तर यहाँ आइपुगेपछि भने यहाँको अवस्था बुझ्दा आङ् नै सिरिङ भयो, अब कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता थपियो । अब आई नै सकेँ, जे त होला । राम्रै होला भन्ने आशा गरौँ ।"

आफन्तको सहयोगमा उल्भरह्याम्टन डब्लुभिथ्रीस्थित एक घरमा कोठा फेला पारेका कार्कीले बस्नकै लागि त कुनै समस्या भोग्नुपरेन तर अब कसरी कलेजको पढाइ र खर्चको व्यवस्थापनका लागि कामको खोजी गर्ने हो उहाँको मनमा त्रासको तुवाँलो मडारिएको छ । कार्कीलाई सहयोग गर्ने आफन्त लक्ष्मी दुलालले विद्यार्थीलाई काम पाउन निकै मुस्किल भएको अनुभव सुनाउनुभयो । "केही समययता विद्यार्थीका लागि काम पाउन निकै गाहे छ, बल्लबल्ल काम पाए पनि विश्वविद्यालय र कामको समय मिलाउन निकै सकस छ", उहाँले जोड्नुभयो, "झण्डै एक वर्षअघि विद्यार्थी भिसामै बेलायत आएकी लक्ष्मीलाई बेलायत सरकारले बढाएको शुल्क र विद्यार्थीले काम पाउन भोग्नुपर्ने समस्या विकराल भएको अनुभव ताजै छ ।"



कार्की बेलायत पुगेकै दिन उत्रिएका अर्का विद्यार्थी सुयोग गिरीले पनि आफूले यहाँ कोठा नपाएको भन्दै नेपाली विद्यार्थी इन युके समूहमा सहयोगको याचना गर्नु भएको छ। उहाँले आफू पढ्ने क्याम्पसको नाम नै उल्लेख गरेर आफ्नो नम्बरसमेत राखेर सहयोगका लागि आग्रह गर्नुभएको हो । अर्का विद्यार्थी दीपक यादवले पनि सोही समूहमा आफू भर्खरै आएको भन्दै बस्ने कोठाका लागि अपिल गर्नुभएको छ । केही अपवाद छाडेर काम र कोठाका लागि नै सङ्घर्ष गर्नुपर्ने अवस्था बेलायत आउने हरेक विद्यार्थीको नियति बनेको छ । पहिलो कुरा कोठा पाउनै सकस, त्यसपछि कमाएरै क्याम्पसको शुल्क तिर्ने र बेलायत आउँदा लागेको खर्च पनि केही महिनामै उठाउने सोच बोकेर यहाँ आइपुगेका विद्यार्थीहरु मानसिक स्वास्थ्यको शिकार पनि बन्ने गरेका छन् ।

एक महिनाअघि सेप्टेम्बर इन्टेकमा बेलायत आइपुगेका प्रितम् गिरी आफ्नो बर्मिङ्घमस्थित कलेज नजिकै बस्दै आएको कोठा महङ्गो भएकाले छोडेर उल्भरह्याम्टन सर्नुभयो। ''कोठा भाडा महङ्गो छ, त्यसमाथि काम पाइँदैन। घरबाट मगाएर कतिन्जेल टार्ने'' उहाँले भन्नुभयो । उहाँ पनि कामको खोजीमा हुनुहुन्छ । केही दिन पहिलेदेखि उहाँले एक रेस्टुरेन्टमा 'क्यास इन ह्यान्ड' काम थाले पनि प्रतिघण्टाको पारिश्रमिक एकदमै कम छ । उहाँले पनि विद्यार्थीले कानुनीरुपमा गर्न पाउने हप्ताको २० घण्टा काम अझै पाउनु भएको छैन । वार्षिकरुपमा बढ्दो चर्को विश्वविद्यालयको शुल्क, शैक्षिक परामर्शदाताले दिलाएका झुठा आश्वासन, परिवारप्रतिको दायित्व, भाषा र भौगोलिक ज्ञानको अभावजस्ता कारण पनि कतिपय विद्यार्थी तनाव र डिप्रेसनसम्मको समस्या सामना गर्न बाध्य छन् ।नेपाली समाज वेष्टमिड्ल्याण्डका अध्यक्ष भीम शर्माको अनुभवमा आवश्यक तयारीबिना विद्यार्थी बेलायत आउने भएको कारणले समस्यामा बढ्दै गएको छ। "बेलायत आउनुअघि हुनुपर्ने आधारभूत ज्ञानको अभावमा नेपाली विद्यार्थी धेरै समस्यामा पर्ने गरेका छन्"-उहाँले भन्नुभयो, "सकेसम्म समस्या नदेखाउने र हार खाने अवस्थामा पुगेपछि सामाजिक सञ्जाल र नेपाली समूहमा हारगुहार गर्ने विद्यार्थीको सङ्ख्या बढ्दो छ ।" सकेसम्म समस्यामा परेका नेपालीका लागि आवश्यक सहयोग गर्ने तर समाजमा आवद्धहरुको पनि आफ्नै सीमितताका कारण ठूलो सहयोग गर्न नसकिने उहाँको भनाइ छ। नेपाली राजदूतावास बेलायतका प्रवक्ता रोशन खनालले 'भिसा त लागोस् बाँकी भोगौंला', भन्ने प्रवृति मुख्य समस्याको रुपमा देखिएको बताउनुभयो ।

"कुन विषय पढ्ने ?, कुन विश्वविद्यालयमा पढ्ने ?, उहाँले प्रश्नको शैलीमा भन्नुभयो, "सो ठाउँमा कामको सम्भावना र बस्ने ठाउँको अवस्था के छ ? समस्या पर्दा सहयोग गर्ने कोही छ कि छैन् ? लगायतका विषयमा आधारभूत ज्ञानसमेत नलिइकन बेलायत आउनेहरुले धेरै समस्या भोग्नुपरेको छ ।"काम गरेर कलेजको शुल्क तिर्छु र यहाँ आउँदा लागेको खर्चसमेत केही महिनामै उठाउँछु भन्ने सोच बोकेर बेलायत पुग्ने अधिकांश विद्यार्थी मानसिक समस्यामा पर्नु मुख्य कारण भएको उहाँले बताउनुभयो । यतिबेला बेलायतमा विद्यार्थीले काम नपाउने र पाए पनि २० घण्टा काम गरेर पढेको शुल्क तिर्छु र नेपालमा पनि पठाउँछु भन्ने सोचले आएका विद्यार्थीहरुले समयमै विश्वविद्यालयको शुल्क तिर्न नसकेपछि केही समयका लागि समन्वय गरिदिन आग्रह गर्नेहरुको संख्या बढेको उहाँको भनाइ छ ।

उहाँका अनुसार उल्भरह्याम्टन, बर्मिङघम, लण्डनलगायतका विभिन्न क्षेत्रका विश्वविद्यालयबाट विद्यार्थीहरुले काम नपाएको र शुल्क तिर्न समस्या भएको गुनासो सुनिएको छ । "नचलेका र जुनसुकै विषयमा भए पनि भिसा लगाउनकै लागि ग्रामीण कलेजमा पढ्न आउनेहरु समस्यामा पर्ने गरेका छन्"-उहाँले थप्नुभयो, "बस्ने ठाउँ, पढ्ने ठाउँ र काम पाउने ठाउँको दूरी व्यवस्थापनमै धेरैलाई समस्या भइरहेको छ।" कतिपयलाई बेलायत आउन पाए पुग्ने, पढ्ने विषय, विश्वविद्यालयबारे समेत पर्याप्त जानकारी नभएको सुनाउँदै उहाँले थप्नुभयो, "कतिपयलाई यहाँको यथार्थ भन्दा समेत जाने गएकै छन् राम्रै भएको छ, मलाई चाहीँ के नराम्रो होला भन्ने ठानेर दुःख पाएको जस्तो लाग्छ।"

लण्डनभित्रकै कलेज हो भनेर शैक्षिक परामर्शदाता कम्पनीले दिएको गलत र भ्रमपूर्ण जानकारी विद्यार्थीका लागि घातक हुने गरेको पाइएको छ । प्रक्रियाका क्रममा भिसा मात्रै लागोस् भन्ने चाहना राखेका विद्यार्थीलाई भिसा लागेपछि मात्रै कुन विश्वविद्यालय हो भन्ने थाहा हुन्छ, त्यसपछि पनि त्यसको भौगोलिक अवस्था र सम्भावनाबारे बुझ्दा समस्या भएको हुनसक्छ । लामो समयदेखि नेपाली विद्यार्थीका समस्यालाई नजिकबाट नियालिरहेको नेपाली विद्यार्थीहरुको छाता संस्था मर्जिङनेप्ससका संस्थापक अध्यक्ष पवन कँडेलले सेप्टेम्बर इन्टेकमा बेलायतमा विश्वभरबाट हजारौं अन्तर्राष्ट्रिय विद्यार्थी उच्चशिक्षाका लागि आउने भएकाले कोठा र काम पाउन कठिन रहेको बताउनुभयो ।

"सेप्टेम्बर र जनवरी इन्टेकमा विश्वभरबाट गुणस्तरीय शिक्षाका लागि हजारौं विद्यार्थी बेलायत आउँछन्, विश्वका उत्कृष्टमध्यमै पर्ने बेलायतमा रहेका १३० भन्दा बढी मुख्य विश्वविद्यालयमा आउने हजारौँ विद्यार्थी सबै राम्रो उच्च शिक्षाकै उद्देश्यकै कारण नआउने गरेका छन्", उहाँले भन्नुभयो, "त्यसमा पनि नेपाललगायत कम आय भएका देशका केही विद्यार्थीबाहेक अधिकांशको उद्देश्य पढाइभन्दा पनि कसरी बेलायत प्रवेश गर्ने भन्ने मात्रै सोचेको देखिन्छ ।"अध्यक्ष कडेँलले बेलायतका विश्वविद्यालयलाई विद्यार्थीको लोभ र शैक्षिक परामर्शदाता कम्पनीले पाउने २० देखि २५ प्रतिशत कमिसनको चेपुवामा विद्यार्थीहरु पर्ने गरेका छन् । त्यसमाथि नेपालबाट आउँदा बेलायत भित्र्याउन पाउने सीमित पाउण्ड र बेलायतको बढ्दो महङ्गीकै कारण विद्यार्थीहरु बढी समस्यामा पर्ने गरेका सुनाउनुभयो । "यहाँ पढ्नकै लागि आउने हो, पढाइलाई किनारामा राखेर पैसा कमाउने लक्ष्य हो भने त्यो सम्भव छैन भनेर बुझ्न आवश्यक छ" उहाँले भन्नुभयो, "अधिकाश नेपाली विद्यार्थी काम गरेरै खर्च चलाउने, विश्वविद्यालयको शुल्क बुझाउनेदेखि नेपाल पैसा पठाउनेसम्म सपना देखेर बेलायत आउने गरेका छन् । त्यो पूरा हुन निकै कठिन छ ।"

बेलायतमा अध्ययनरत विदेशी विद्यार्थीले साताको २० घण्टा काम गर्न पाउँछन् । वर्षमा केही महिना विश्वविद्यालय बिदा हुँदा सबै समय काम गर्न छुट छ तर, अहिले महिनौंसम्म काम नपाउने, नेपालबाटै मगाएर खर्च चलाउनुपर्ने जस्ता अवस्था सामान्य बनेका छन् । नेपाली, भारतीय र पाकिस्तानी कम्पनी तथा रेष्टुरेन्टमा काम गर्नेहरुले पनि धेरै समय काम गरेर अत्यन्तै न्यून पारिश्रमिक पाउने गरेका छन् । कानूनीरुपमा उनीहरुले २० घण्टामात्रै काम गर्न पाउने भएकाले विद्यार्थीहरु जति पाए पनि केही नबोली गर्न बाध्य छन् । रोजगारदाताहरुको रोजाइमा पूर्णकालीन काम गर्न सक्ने, जुनसुकै दिन र समयमा उपलब्ध हुने तथा भाषा र कामको अनुभव भएकाहरूलाई प्राथमिकता दिने भएकाले विद्यार्थीहरुले सहजै काम गर्न कठिन हुने गरेको छ । नेपालबाट अध्ययनका लागि कति विद्यार्थी बेलायत आएका छन् भन्ने यकिन तथ्याङ्क नहुँदा समस्याको वास्तविक पहिचान गर्न सहज नभएको लन्डनस्थित नेपाली दूतावासका प्रवक्ता प्रवक्ता रोशन खनालको भनाइ छ । यसै वर्षदेखि 'पोस्ट ग्राजुएट रिसर्च कोर्स'बाहेक अन्य कोर्समा आउँदा डिपेन्डेन्ट ल्याउन नपाइने नियम बनाएपछि विद्यार्थीहरुका लागि झनै समस्या भएको छ । तर पनि शैक्षिक परामर्शदाताले यथार्थ जानकारी नदिनु र लहडको भरमा विदेसिने प्रवृत्ति बढ्नुले नेपाली विद्यार्थीले अन्य देशमा पुगेर समस्या भोग्नुपर्ने क्रम बढेको छ ।

# अर्थमन्त्री पौडेल र फिनल्याण्डका विकासमन्त्री ताभियोबीच भेटवार्ता




काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र फिनल्याण्डका परराष्ट्र मन्त्रालयका वैदेशिक व्यापार तथा विकासमन्त्री भिल्ले ताभियोबीच विहिबार भेटवार्ता भएको छ।

अर्थ मन्त्रालयमा उहाँहरुबीच भएको भेटवार्ताका क्रममा नेपाल र फिनल्याण्ड सरकारबीच सार्वजनिक लगानी परिचालन परियोजनासम्बन्धी खाका सम्झौतामा हस्ताक्षर भएको मन्त्रालयले जनाएको छ । फिनल्याण्डको सार्वजनिक लगानी सुविधा योजनाअन्तर्गत वित्त परिचालन हुने परियोजनाको सम्झौतापत्रमा अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्मा र नेपालका लागि फिनल्याण्डका राजदूत रीना रिक्का हेइकाले हस्ताक्षर गर्नुभएको हो।

उक्त परियोजनामार्फत नेपालमा सामाजिक-आर्थिक पूर्वाधार सुदृढ गर्न र दिगो विकासलाई प्रोत्साहन गर्न परियोजनामा आधारित सहुलियतपूर्ण वित्तिय परिचालन गर्ने लक्ष्य राखिएको छ। अनुदान प्राप्त परियोजनाहरूमार्फत नेपालले खानेपानी, फोहोर व्यवस्थापन, ऊर्जा र विद्युत, 'डिजिटलाइजेसन', मौसम विज्ञान, स्वास्थ्य सेवा प्रविधि, विपद् व्यवस्थापन र उद्धार सामग्रीलगायत विविध सामाजिक-आर्थिक पूर्वाधारमा लगानी गर्न सक्ने जनाइएको छ।

आर्थिक परिचालन प्रक्रिया सार्वजनिक क्षेत्र लगानी सुविधा मार्गदर्शनद्वारा निर्देशित हुनेछ। जुन आर्थिक सहयोग र विकास संगठन (ओईसीडी) ढाँचामा आधारित छ। नेपाल अतिकम विकसित देश (एलडीसी) को सूचीमा परेकाले ५० प्रतिशत आर्थिक सहायता अनुदानको रुपमा उपलब्ध गराइनेछ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले यो सम्झौता नेपालको आर्थिक सामाजिक क्षेत्रको पूर्वाधार विकासकालागिमहत्वपूर्णउपलब्धी हुने बताउनुभयो । फिनल्याण्डका विकासमन्त्री ताभियोले सार्वजनिक लगानी परिचालन नेपाल र फिनल्याण्डबीच आर्थिक सहकार्य विकासका लागि महत्वपूर्ण माध्यम बन्ने विश्वास व्यक्त गर्नुभएको थियो ।रासस

# 'हिउँ चितुवा संरक्षणमा लगानी बढाउनुपर्छ'



काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले हिउँ चितुवा संरक्षणमा लगानी बढाउनुपर्नेमा जोड दिनुभएको छ । विहिबार हिउँ चितुवाको संरक्षण तथा यसको अध्ययन र अनुसन्धानमा प्रवर्द्धन गर्ने उद्देश्यले यहाँ आयोजित गोष्ठीमा उहाँले हिउँ चितुवा दुर्लभ बन्दै गइरहेकाले यसको संरक्षणका लागि लगानी बढाउनुपर्ने बताउनुभयो।

मन्त्री शाहीले नेपालमा हिउँ चितुवाको बसोबास क्षेत्र, उसको बानी व्यवहार र संरक्षण रणनीतिका बारेमा गहन अनुसन्धान गर्दै लगानी गर्नुपर्ने अवस्था रहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार हिउँ चितुवा संरक्षण सफल बनाउन र द्वन्द्व कम गराउन संरक्षणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित हुनुपर्ने देखिन्छ।

"सङ्घीय सरकारले हिउँ चितुवासहित अन्य जीव संरक्षणका लागि स्थानीय साझेदारी आवश्यक पर्ने निष्कर्ष निकाल्दै समुदायसँग मिलेर संरक्षणका काम गर्नेगरि कार्ययोजना बनाएका छौँ । हालै हिउँ चितुवा संरक्षण कार्ययोजना २०२४-२०३० जारी गरेका छौँ", मन्त्री शाहीले भन्नुभयो । कार्ययोजनामा यो प्रजातिको संरक्षणका लागि गरिनुपर्ने कार्य, भावी रणनीति, कार्यनीति र क्षमता अभिवृद्धि, बासस्थान सुधारलगायत विषय समावेश गरिएको उहाँले जानकारी दिनुभयो।

"हिउँ चितुवाको संरक्षण गर्नु भनेको केवल वन्यजन्तु संरक्षणमात्र नभई जलवायु परिवर्तनको चुनौती सामना गर्न, हिमाली पर्यावरणीय प्रणालीलाई सुदृढ बनाउन स्थानीय समुदायको जीवनस्तर सुधार गर्न पनि मद्दत गर्छ", मन्त्री शाहीले भन्नुभयो । नेपालको हिमाली क्षेत्र जैविक विविधतामा धनी रहेको उल्लेख गर्दै उहाँले वनस्पतिमा यार्सागुम्बा, चरामा डाँफेदेखि वन्यजन्तुमा हिउँ चितुवासम्म नेपालका हिमाली भेगमा पाइने जानकारी दिनुभयो।

"तराईमा बाघ र हिमालमा हिउँ चितुवा हाम्रो पहिचान झल्काउने सूचक हुन् । हिमालको सांस्कृतिक, पर्यावरणीय र जैविक सम्पत्तिका रूपमा हिउँ चितुवालाई लिइँदै आएको छ। बासस्थान विनाश, चोरी शिकारी, मानवसँगको द्वन्द्व, जलवायु परिवर्तन यसका शत्रु बनेका छन्", वनमन्त्री शाहीले भन्नुभयो, "हिमाली क्षेत्रमा हिउँ चितुवाले घरमा पालेका भेडा, गाईवस्तु तथा पशुचौपाया खाएका विषय आइरहेका हुन्छन् । यसले मानवसँगको द्वन्द्व बढाएको छ । सङ्घीय सरकारले विभिन्न समयमा यस्ता समस्या सम्बोधन गर्न नीति तथा योजना तर्जुमा गर्दै आएको छ।"

मन्त्री शाहीले संसारकै दुर्लभ प्रजातिभित्र पर्ने हिउँ चितुवा नेपाल र चीनसहित विश्वका १२ मुलुकमा पाइने जनाउँदै विश्वमा पाइने हिउँ चितुवामध्ये नेपालमा १० प्रतिशत पाइने आनुमान गरिएको बताउनुभयो । उहाँका अनुसार यसको बासस्थान नेपालको ३० हजार वर्गकिलोमिटर अनुमान गरिएकामा ५८ प्रतिशत संरक्षित क्षेत्रभित्र पर्दछन् ।नेपाल सरकारले हिउँ चितुवा संरक्षणका लागि विभिन्न प्रयास गर्दै आएको छ। सन् २०१५ लाई हिउँ चितुवा संरक्षण वर्ष भनेर घोषणा गरी संरक्षित जीवको सूचिमा राखिएको छ । निकुञ्ज ऐनले पनि यसको चोरी शिकारीमा बन्देज लगाएको छ।

"आफू हिउँ चितुवाको बासस्थान भएको जिल्ला मुगुवासी भएकाले यो कार्यशालाबाट प्राप्त सिकाइ हिउँ चितुवा संरक्षणमा टेवा पुग्ने विश्वास छ। नेपाल र छिमेकी मुलुक चीनका वैज्ञानिकबीच अनुसन्धानात्मक सहकार्यलाई अझ सुदृढ गर्न यो कार्यशाला महत्वपूर्ण हुने विश्वास लिएको छु", मन्त्री शाहीले भन्नुभयो। हिमालय पर्वतीय श्रृंखलाको संरक्षण गर्न एउटा देशले मात्रै नभएर अन्तरदेशीय सहकार्य आवश्यक रहेकामा जोड दिँदै उहाँले यस किसिमको सहकार्यले अनुसन्धान प्रवर्द्धन गर्ने धारणा राख्नुभयो ।रासस

# परराष्ट्रमन्त्री डा राणा चीन प्रस्थान



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा आज चीन प्रस्थान गर्नुभएको छ। चिनियाँ विदेशमन्त्री वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा चीनको औपचारिक भ्रमणका लागि उहाँ विहिबार मध्याह्न त्यसतर्फ प्रस्थान गर्नुभएको हो।

डा राणा नेपालको परराष्ट्र मन्त्रीमा नियुक्त भएपछि पहिलो पटक चीन भ्रमणमा जानुभएको हो। उहाँलाई त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलमा परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहादुर राई र मन्त्रालयका अधिकारीहरूले बिदाइ गर्नुभएको थियो ।भ्रमणका क्रममा मन्त्री डा राणाले चिनियाँ विदेशमन्त्री यीसँग द्विपक्षीय भेटवार्ता गर्नुहुनेछ। सो भेटवार्ता शुक्रबार चीनको सिचुआन प्रान्तस्थित छेन्दु सहरमा हुने परराष्ट्र मन्त्रालयले जनाएको छ।

चीनको औपचारिक भ्रमणका साथै प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भ्रमणको तयारीस्वरूप उहाँ विहिबार चीन जानुभएको हो। प्रधानमन्त्री ओली अर्को साता चीन भ्रमणमा जाँदै हुनुहुन्छ। परराष्ट्रमन्त्री डा राणा यही मङ्सिर १५ गते स्वदेश फर्कनुहुनेछ ।रासस

# 'वित्तीय समानीकरण अनुदान बजेट रोकिँदा आर्थिक सङ्कट'




लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले सङ्घीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदान बजेट समयमा प्राप्त हुन नसक्दा प्रदेशले आर्थिक सङ्कट भोग्नु परेको छ।

सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदानको बजेट नपठाउँदा प्रदेश सरकारले गत वर्षको झण्डै रु साढे दुई अर्ब दायित्व भुक्तानी गर्न नसकेको जनाइएको छ । लुम्बिनी प्रदेश विकास समस्या समाधान समितिको आज बसेको बैठकले वित्तीय अनुदानको बजेटलगायत विभिन्न समस्याको पहिचान गरेर राष्ट्रिय विकास समस्या समितिमा पठाएको छ।

बैठकले राष्ट्रिय विकास समस्या समितिमा पठाएका प्रदेशमा पहिचान गरिएका समस्यामध्ये सशर्त अनुदानको रकम घटाएर वित्तीय समानीकरण अनुदानको बजेट बढाउने विषयलाईसमेत महत्वपूर्ण विषयका रुपमा उठाइएको छ।

यस्तै संविधानमा व्यवस्था भएको साझा अधिकारका सूची अन्तर्गत कार्य बाँडफाँट र प्रहरी समायोजनाको विषयलाई स्पष्ट मापदण्ड बनाई लागू गर्ने र प्रहरी समायोजनको कुरा छिटो टुङ्गो लगाउनुपर्नेमा जोड दिइएको छ । प्रदेश र स्थानीय तहमा कर्मचारी परिचालनको सन्दर्भमा प्रमुख प्रशासकिय अधिकृत प्रदेशले पठाउनेगरी व्यवस्था गर्नुपर्ने, वन क्षेत्रको जग्गाको प्रयोग र आयोजना कार्यान्वयनमा प्रक्रियागत विषयमा अधिकार प्रत्यायोजन हुनुपर्ने विषयलाई समाधान गर्नुपर्ने विषयका रुपमा उठाइएको छ।

ढुङ्गा, गिट्टी, बालुवा उत्खननसम्बन्धी कानुनी व्यवस्था सुधार गर्नुपर्ने, सडक निर्माण, विस्तार र सुदृढिकरणमा सङ्घीय सरकार र विद्युत् प्राधिकरणसँगको समन्वय प्रभावकारी नहुँदा समस्या समाधान गर्नेगरी काम अघि बढाउनुपर्ने, उद्योग दर्ता र जग्गा प्राप्तिको अधिकार प्रत्यायोजन गरिनुपर्ने विषय उठाइएको छ।

बैठकले प्रदेश सरकारले अघि बढाएका विभिन्न योजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ समाधान गर्नेगरी अघि बढाइने भएको निर्णयसमेत गरेको छ । बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड पुस मसान्तभित्र तयार पार्ने, स्रोतको अधिकतम सदुपयोग गरी वार्षिक बजेट तथा कार्यक्रममा परेका योजना तथा कार्यक्रम सञ्चालन गर्दा अपेक्षित परिणामलाई मध्यनजर गरेर मात्र मितव्ययी तरिकाले आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरिएको छ।

बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले लगानी अनुसार प्रतिफल आउने योजनाको कार्यान्वयनमा विशेष ध्यान दिन दिर्नेशन दिनुभयो । उहाँले प्रतिफल दिने खालका योजनालाई उच्च प्राथमिकता दिएर कार्यान्वयन गर्न निर्देशन दिनुभएको हो । "जुन काममा हात हाल्छौँ । त्यसबाट परिणाम आउनुपर्छ। प्रतिफल आउने योजनालाई विशेष जोड दिएर अघि बढाऔँ", उहाँले भन्नुभयो, "रातो किताबमा लेखिएको भए पनि त्यसले उपलब्धि दिदैन भने कार्यान्वयन गर्न जरुरी छैन।"

उहाँले प्रदेश सरकारले अघि बढाएका आयोजना समय सिमाभित्रै सम्पन्न गर्नेगरी भूमिका बढाउन मन्त्रालय तथा मातहतका नियकालाई दिर्नेशन दिनुभयो । उहाँले प्रदेश समस्या समाधान समितिको बैठकबाट गत आर्थिक वर्ष २०८०/८१ म वित्तीय हस्तान्तरण शीर्षक अन्तर्गत सङ्घीय सरकारबाट विनियोजन भएको वित्तीय समानीकरण अनुदानको प्राप्त हुन बाँकी रहेको बजेटका विषयमा प्राथमिकताका साथ उठाइएको र समस्यालाई राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउनेगरी प्रदेश विकास समस्या समाधान समितिको बैठकले अघि बढाएको बताउनुभयो।

प्रदेश सरकारले थालेका तर सम्पन्न हुन नसकेका योजनाको अध्ययन गरेर सम्पन्न गर्ने तर्फ समेत मुख्यमन्त्री आचार्यले ध्यानाकर्षण गराउनु भएको छ। उहाँले चिस्यान केन्द्र, सांस्कृतिक डबली, रिफ्रेस सेन्टर लगायतका आयोजना सुरु भएको, कतिपय अवस्थामा सम्पन्न नभएको, सम्पन्न भए पनि प्रयोगमा नआएको जनाउँदै यसमा गम्भीर ध्यान दिन अनुरोध गर्नुभयो ।रासस

# उद्योगमन्त्री भण्डारी र दक्षिण कोरियाका राजदूत तेयोङबीच शिष्टाचार भेट



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क तेयोङबीच शिष्टाचार भेटर्वाता भएको छ।

विहिबार मन्त्रालयमा भएको भेटमा मन्त्री भण्डारीले नेपाल र दक्षिण कोरियाबीच रहेको सौहार्दपूर्ण सम्बन्ध पछिल्ला वर्षमा थप प्रगाढ र सुमुधुर बन्दै गएकामा खुसी व्यक्त गर्दै दुई देशका साथै जनस्तरमा मित्रता, समझदारी र आपसी सहयोग निरन्तर अभिवृद्धि भइरहेको बताउनुभयो । नेपाल र दक्षिण कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० औं वार्षिकोत्सवले दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध विस्तार र प्रवर्द्धन गर्न कोसेढुङ्गा सावित गरेको मन्त्री भण्डारीले उल्लेख गर्नुभयो।

"नेपालको सामाजिक तथा आर्थिक विकासका क्षेत्रमा दक्षिण कोरिया महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रूपमा रहेको छ", उहाँले भन्नुभयो, "नेपालमा कृषि, उद्योग, पर्यटन, निर्यात प्रवर्द्धन र जलविद्युत् विकासका लागि कोरियन अनुभव, ज्ञान र सीपबाट हामी थप लाभान्वित हुन चाहन्छौँ।"

कोरियाली कम्पनी सामसुङ इलेक्ट्रोनिक्स र हुन्डाइ मोटर्सले नेपालमा 'असेम्बलिङ' प्लान्ट स्थापना गरी टेलिभिजन र कार उत्पादन गरिरहेकामा खुसी व्यक्त गर्दै मन्त्री भण्डारीले नेपालमा लगानीमैत्री वातावरण बन्दै गएकाले कोरिया सरकारमार्फत लगानी बढाउन आग्रह गर्नुभयो।

"पछिल्लो समयमा केही कोरियाली बहुराष्ट्रिय कम्पनीले नेपालमा लगानी विस्तार गरेकामा हामीलाई खुसी लागेको छ । लगानीका क्षेत्रमा दुई मुलुकबीच अपेक्षित रूपमा सहकार्य विस्तार हुन सकेको छैन, तसर्थ आगामी दिनमा नेपालमा कोरियाली लगानी थप विस्तार भई उत्पादन तथा रोजगारी अभिवृद्धि हुँदै जानेमा विश्वास लिएका छौँ", मन्त्री भण्डारीले भननुभयो।

राजदूत तेयोङले नेपालमा कोरिया सरकारले लगानी बढाउन चाहेको बताउनुभयो । उहाँले अहिलेसम्मका लगानी मात्र पर्याप्त नभएको उल्लेख गर्दै नेपालका जुनसुकै क्षेत्रमा लगानी बढाउन कोरिया सरकार तयार रहेको मन्त्री भण्डारीलाई जानकारी दिनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। तेयोङले उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने ठाउँ पाए दक्षिण कोरिया सरकारले लगानी बढाउँदै जाने बताउनुभएको थियो। रासस

# सीमित स्रोतभित्र अधिकतम लाभ लिने प्रयास गरौँः स्वास्थ्यमन्त्री पौडेल

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सीमित स्रोतभित्र अधिकतम लाभ लिने प्रयास गर्नुपर्ने बताउनुभएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा भइरहेको राष्ट्रिय संयुक्त वार्षिक समीक्षा बैठकमा उहाँले भन्नुभयो, "अपुग स्रोतकै कारण चाहेका कति कार्यक्रम लागू गर्न सकिएको छैन, राज्यले छुट्याएको बजेटभित्र अधिकतम सेवा कसरी दिन सकिन्छ भन्ने प्रयास गर्नुपर्छ ।" उहाँले भएकै बजेट पनि उचित कार्ययोजना नभएका कारण खर्च हुन नसकेको बताउनुभयो।

उहाँले सर्वसाधारणले अस्पतालको सेवा विश्वास गर्ने हुनाले अस्पतालको सरसफाइमा ध्यान दिन, कुन सेवा कति शुल्क लिने भनेर खुलाएर वेबसाइट वा बोर्डमा राख्न, स्वस्थ्यकर खाना खुवाउनमा ध्यान दिन आवश्यक रहेको बताउनुभयो। मन्त्री पौडेलले अस्पताललाई प्लाष्टिकमुक्त क्षेत्र बनाउन प्रयत्न गर्नमा जोड दिनुपर्ने बताउनुभयो।

वार्षिक रुपमा हुने यो समिक्षा बैठकमा गत आर्थिक वर्षका उपलब्धि र प्रगतिको समीक्षा एवं भावी योजनाका लागि स्वास्थ्य मन्त्रालय, स्वास्थ्य विभाग, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा महाशाखा लगायतका पदाधिकारीको उपस्थिति रहेको छ । बैठक शुक्रबारसम्म सञ्चालन हुनेछ ।रासस

# प्रधानमन्त्रीसमक्ष सूचना आयोगको वार्षिक प्रतिवेदन पेस



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०८०/८१ को १६ औँ वार्षिक प्रतिवेदन विहिबार पेस गरेको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले सो प्रतिवेदन प्रधानमन्त्री ओलीसमक्ष पेस गर्नुभएको हो । उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत् सङ्घीय संसद्मा प्रस्तुत गरिने व्यवस्था रहेको छ । सोही अवसरमा आयोगको वर्तमान नेतृत्वको पाँच वर्षे कार्यकालमा निर्णय भएका 'महत्वपूर्ण आदेश सङ्ग्रह' को प्रधानमन्त्री ओलीबाट सार्वजनिक गरियो।

प्रधानमन्त्री ओलीले सूचनाको हकलाई वास्तविक हकका रुपमा स्थापित गर्दै सरोकार भएका पक्षलाई आवश्यक सूचना दिने काममा सरकार र आयोगबीच सहकार्य हुनुपर्ने बताउनुभयो। उहाँले लोकतन्त्रका पक्षमा सक्दो कार्यान्वयन गर्दै अराजकतालाई भने निरुत्साहन गर्नुपर्नेमा जोड दिनुभयो।

प्रमुख आयुक्त गुरुङले आफूहरुको पाँच वर्षको कार्यकालमा पाँच हजार एक सय ८२ पुनरावेदन प्राप्त भएकामा ९५ प्रतिशत फर्स्यौट गरिएको जानकारी गराउनुभयो । प्रमुख आयुक्त गुरुङ आयुक्तहरु कमला ओली थापा र रत्नप्रसाद मैनालीको कार्यकाल यही मङ्सिर २३ गते सकिँदैछ ।रासस

# कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयमा ४१ करोड बढी बेरुजु

विराटनगर । कोशी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयमा मात्र रु ४१ करोड ३९ लाख १३ हजार बेरुजु देखिएको छ।

स्वास्थ्य मन्त्रालयको समेत जिम्मेवारी सम्हानुभएका पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले विहिबार मन्त्रालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा स्वास्थ्य मन्त्रालयमा कुल रु ४१ करोड ३९ लाख १३ हजार बेरुजु रहेको जानकारी दिनुभयो।

भ्रष्टाचारमा शून्य सहनशीलता र सुशासन आफ्नो पहिलो सङ्कल्प रहेको मन्त्री राईले बताउनुभयो । उहाँले भन्नुभयो, "मन्त्रालयबाट हुने ढिलासुस्तीलाई निरुत्साहित गरी आमनागरिकले प्राप्त गर्ने सेवा विस्तार तथा निःशुल्क औषधि खरिद प्रक्रियालाई प्राथमिकता दिई काम भईरहेको छ, अब जनताले राहतको अनुभूति गर्नेछन्।"

मन्त्रालयमा आवश्यक जनशक्तिको अभावले कतिपय काम समयमा गर्न नसकेको स्पष्ट गदै मन्त्री राईले आर्थिक अभावका कारण कडा किसिमका रोग लागेका नागरिकलाई दिइने सुविधा प्रदान गर्न नसकिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "मन्त्रालयमा हाल जम्मा रु पाँच करोड मात्र बजेट छ, खर्च रु १४ करोडको छ। यसको उचित व्यवस्थापन गर्दै नागरिकमैत्री सेवा प्रवाह गर्न स[illegible]ीय सरकारसँग पहल गरिरहेका छौँ।"

कोशी प्रदेशमा हालसम्म स्वीकृत भएका अस्पताल २४, नवीकरण भएका १४, नयाँ सञ्चालनका लागि स्वीकृत भएका तीन, स्तरोन्नति भएका तीन, 'एलओआई' स्वीकृत भएका चार र अस्पतालको लागि निवेदन दर्ता भई स्वीकृत नभएका २३ रहेको जानकारी दिँदै मन्त्री राईले भन्नुभयो, "प्रदेश स्वास्थ्य ऐनको मस्यौदा तयार भइसकेको छ।

सैद्धान्तिक स्वीकृत पाएपछि सदनमा प्रवेश भई ऐन बनेपछि स्वास्थ्य क्षेत्रसँग सम्बन्धित समस्या सम्बोधन हुने विश्वास लिएको छु।।"रासस

# मिथेन ग्यास नियन्त्रणका लागि गाइवस्तुको चमत्कारिक उपचारको खोजी गर्दै वैज्ञानिक


एएफपी

डेभिस, संयुक्त राज्य अमेरिका ।गाईको पेटबाट निस्किने मिथेन ग्यास नियन्त्रणका लागि चमत्कारिक उपचारको विकल्प वैज्ञानिकहरूले खोजेका छन् ।एक अमेरिकी वैज्ञानिकले दुई महिनाको थिङ १ नामक बाच्छोको मुखबाट पेटसम्म एउटा लामो नलीलाई पठाएर बस्तुको पेटमा उत्पादन हुने शक्तिशाली हरितगृह ग्याँस (मिथेन) नियन्त्रणका लागि एक अनुसन्धान बढाउनुभएको छ।

युनिभर्सिटी अफ क्यालिफोर्निया, डेभिसका विद्यावारिधीको अनुसन्धानकर्ता पाउलो डे मेओ फिल्होले गाईको आन्द्राको ब्याक्टेरियालाई कम वा कुनै मिथेन उत्सर्जन गर्ने गरी एक गोली विकास गर्ने महत्वाकाङ्क्षी प्रयोगको हिस्साका रूपमा अनुसन्धानलाई अघि बढाउनुभएको हो । जीवाश्म ईन्धन उद्योग र केही प्राकृतिक स्रोतहरूले मिथेन उत्सर्जन गर्दछ। गाईवस्तुको पेटबाट हसने उत्सर्जनको मात्राको कारण पशु पालन पनि एक प्रमुख जलवायु चिन्ता बिषय बनेको छ।

युसी डेभिसका पशु विज्ञानका प्राध्यापक ईर्मियास केब्रेबले भन्नुभयो, “हामीले अहिलेसम्म गरेको (विश्वव्यापी) तापक्रममा भएको वृद्धिको लगभग आधा हिस्सा मिथेनका कारण भएको छ।”जलवायु परिवर्तनमा कार्बन डाइअक्साइडपछि मिथेन दोस्रो सबैभन्दा बढी प्रभाब पार्ने तत्व हो । यो कार्बन डाइअक्साइडभन्दा छिटो बिग्रन्छ तर अधिक शक्तिशाली छाकेब्रेबले भन्नुभयो, “मिथेन वायुमण्डलमा करिब १२ वर्षसम्म रहन्छ भने कार्बन डाइअक्साइड सदियौंसम्म कायम रहन्छ।”“यदि हामीले अहिले नै मिथेन घटाउन थाल्यौं भने तापक्रममा यसको धेरै छिटो प्रभाव देख्न सक्छौं।

आंशिक रूपमा पचाइएको खाना भएको पेटको पहिलो भागबाट फिल्होले थिङ १ को रुमेनबाट तरल पदार्थ निकाल्न



ट्यूबको प्रयोग गर्नुहुन्छ । रुमेन तरल पदार्थको नमूना प्रयोग गरेर वैज्ञानिकहरूले हाइड्रोजन, जसलाई गाईले पचाउँदैन तर यसको साटो बाहिर निस्कन्छ, लाई मिथेनमा रूपान्तरण गर्ने सूक्ष्मजीवाणुहरूको अध्ययन गरिरहनुभएको छ । एउटा गाईले वार्षिक करिब २२० पाउन्ड (१०० किलोग्राम) मिथेन ग्यास फ्याँक्छाथिङ १ र अन्य बाच्छाहरूले मिथेन उत्पादन कम गर्न समुद्री माछा पूरक आहारको रूपमा प्राप्त गर्छन् ।

मिथेन उत्पादन गर्ने भोकाएका ब्याक्टेरियालाई स्रोतका रूपमा प्रयोग गर्दै वैज्ञानिकहरूले हाइड्रोजनलाई भिजाउने आनुवंशिक रूपले परिमार्जित सूक्ष्मजीवाणुहरू प्रस्तुत गरेर समान परिणामहरू प्राप्त गर्ने आशा गरेका छन् ।यद्यपि, टोली सावधानीपूर्वक अघि बढेको छ । यूसी डेभिस ल्याबका सञ्चालक म्याथियास हेसले भन्नुभयो, “हामी मिथेन बनाउने ब्याक्टेरिया हटाएर मात्र मिथेन उत्पादनमा कटौती गर्न सक्दैनौं, किनकि हाइड्रोजनले जनावरलाई हानि पुर्‍याउने हदसम्म जम्मा हुन सक्छ।”

उहाँले भन्नुभयो, “जीवाणुहरू एक प्रकारको सामाजिक जन्तु हुन् । उनीहरु सँगै बस्न रुचाउँछन् । तिनीहरूले एक अर्कालाई अन्तरक्रिया गर्ने र प्रभाव पार्ने तरिकाले इकोसिस्टमको समग्र कार्यलाई असर गर्दछ। ”“तिनीहरूले एक अर्कालाई अन्तरक्रिया गर्ने र प्रभाव पार्ने तरिकाले इकोसिस्टमको समग्र कार्यलाई असर गर्दछ ।”हेसका विद्यार्थीहरूले पेटमा सूक्ष्मजीवहरूको जीवन अवस्थालाई हलचलदेखि तापक्रमसम्म पुनरुत्पादन गर्ने बायोरिएक्टरमा विभिन्न सूत्रहरू परीक्षण गर्छन् ।

यो परियोजना यूसी डेभिसका साथै यूसी बर्कलेको इनोभेटिभ जिनोमिक्स इन्स्टिच्युट (आईजीआई) मा भइरहेको छ ।आईजीआईका वैज्ञानिकहरूले मिथेन उत्पादन गर्ने सूक्ष्मजीवाणुहरूलाई विस्थापित गर्न आनुवंशिक रूपमा परिवर्तन गर्नसक्ने आशा गरेका छन् ।यूसी डेभिसमा परिमार्जित सूक्ष्मजीवहरू त्यसपछि जनावरहरूमा परीक्षण गरिनेछ ।“हामी मिथेन उत्सर्जन कम गर्न मात्र नभई खाना पचाउने खोजीमा पनि अनुसन्धान प्रयास गरिरहेका छौं,” केब्रेबले भन्नुभयो ।

“हाइड्रोजन र मिथेन दुवै ऊर्जा हुन्, र त्यो ऊर्जा कम गर्दा यसलाई अर्कै चीजमा पुनर्निर्देशित गर्न सकिन्छ । हामीसँग एकै समयमा राम्रो उत्पादकत्व र कम उत्सर्जन गर्ने विकल्प आउनेछ ।अन्तिम लक्ष्य जीवनको सुरुमा प्रशासित एकल-खुराक उपचार हो, किनकि अधिकांश पशुहरू स्वतन्त्र रूपमा चराउँछन् र दैनिक पूरकहरू प्राप्त गर्न सक्दैनन् ।तीनै वटा अनुसन्धान टोलीलाई सफलता हासिल गर्न सात करोड अमेरिकी डलर र सात वर्षको समय दिइएको छ ।

केब्रेबले लामो समयदेखि दिगो पशुधन अभ्यासहरूको अध्ययन गर्नुभएको छ र पृथ्वीको वातावरणको सुरक्षाका लागि मासुको खपत कम गर्न आह्वान गर्नुभएको छ । विकसित मुलुकका स्वस्थ वयस्कका लागि यसले काम गर्न सक्ने स्वीकार गर्दै उहाँले इन्डोनेसियाजस्ता देशलाई इङ्गित गर्नुभयो, “सरकारले मासु र दुग्ध उत्पादन बढाउन खोजिरहेको छ किनभने पाँच वर्षमुनिका २० प्रतिशत बालबालिका पुड्कोपनबाट पीडित छन्।” उहाँले भन्नुभयो, “हामी उनीहरूलाई मासु नखान भन्न सक्दैनौं।”

## बिडिसिए कपः
# थालिगाडा विजयी



बैतडी । बैतडीमा जारी २१औं संस्करणको रेडियन्ट ग्यास बिडिसिए कप एकदिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत विहिबार भएको खेलमा थालिगाडा क्रिकेट क्लब विजयी भएको छ । थालिगडाले बर्तोली क्रिकेट क्लबलाई ५९ रनले हराउँदै विजयी भएको हो ।

जितका लागि पाएको दुई सय ३१ रनको विशाल लक्ष्य पछ्याएको बर्तोलीले २५ ओभरमा एक सय ७१ रन मात्रै बनाउन सक्यो । नरेन्द्र भण्डारीले सर्वाधिक ३१ रन बनाए पनि टोलीलाई जिताउन सकेनन् । यो पराजयसँगै बर्तोली प्रतियोगिताबाट बाहिरिएको छ । बर्तोलीको यो दोस्रो हार हो । यसअघि बुधबार पञ्चकोटी क्रिकेट क्लबसँग एक सय ४३ रनले पराजित भएको थियो । बर्तोलीका सन्दीप भण्डारीले ४ विकेट झारे । थालिगडाका मनोज ऐरीले ५ विकेट झारे । उनी म्यान अफ द म्याचसमेत चुनिएका छन् । यसअघि दशरथचन्द क्रिकेट मैदान सुन्दरखालीमा पहिला ब्याटिङ गरेको थालिगाडाले २५ ओभरमा छ विकेटको क्षतिमा दुई सय ३० रन बनायो । थालिगाडाका हरिस कार्की र नविन ठगुन्नाले अर्धशतक प्रहार गरे । हरिसले ५० र नविन ५४ रनमा अविजित रहे ।


बैतडी जिल्ला क्रिकेट सङघको आयोजना सञ्चालित प्रतियोगितालाई प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट छनोट प्रतियोगिताको रूपमा समेत लिइएको छ । यही मङ्सिर ११ गतेदेखि सुरु भएको प्रतियोगिता मङ्सिर ३० गतेसम्म सञ्चालन हुने जिल्ला क्रिकेट सङ्घका अध्यक्ष विनोदबहादुर चन्दले जानकारी दिनुभयो । उहाँका अनुसार दुई चरणमा हुने प्रतियोगितामा पहिलो चरणमा हाल प्लेट च्याम्पियनसिपका खेल भइरहेका छन् ।

प्लेट च्याम्पियनसिप सम्पन्नपश्चात् मङ्सिर २० देखि इलाइट च्याम्पियनसिपका खेल सञ्चालन हुने जिल्ला क्रिकेट सङ्घका सचिव सिद्धराज बोकटीले जानकारी दिनुभयो । उहाँका अनुसार यो प्रतियोगिता पहिलोपटक ‘टर्फ पिच’मा भइरहेको छ। नेपाल क्रिकेट सङ्घको सहयोगमा दशरथचन्द खेलमैदान, सुन्दरखालीमा टर्फ पिच निर्माण गरिएको हो । प्रतियोगिताको प्रथम पुरस्कार रु एक लाख, द्वितीय पुरस्कार रु ५० हजार र प्लेट च्याम्पियन हुने टोलीलाई रु २५ हजार, म्यान अफ द सिरिजलाई रु १५ हजार पुरस्कार दिइने आयोजकले जनाएको छ। रासस

# चीनको हिरासतमा रहेका तीन अमेरिकी रिहा

एएफपी

वासिङ्टन । निवर्तमान राष्ट्रपति जो बाइडनको प्रशासनको प्रमुख लक्ष्य पूरा गर्दै चीनले संयुक्त राज्य अमेरिकासँगको कैदी आदानप्रदानमा हिरासतमा लिइएका तीन अमेरिकीलाई



रिहा गरेको अमेरिकी अधिकारीले बुधबार बताएका छन् ।

अमेरिकी विदेश मन्त्रालयले गलत तरिकाले हिरासतमा राखेको भनी वर्गीकृत गरेका तीन जना अमेरिकी कैदी मार्क स्विडन, काई ली र जोन लेउङ चीनका अन्तिम कैदी थिए । यद्यपि अधिकारकर्मी र चीनमा हिरासतमा रहेका अन्य कैदीका परिवारहरूले थप अमेरिकी नागरिकहरूको मुद्दा उठाएका छन् ।

“चाँडै नै उनीहरू फर्कनेछन् र धेरै वर्षपछि पहिलो पटक आफ्ना परिवारसँग पुनर्मिलन हुनेछन्,” अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले पारिवारिक पुनर्मिलनसँग जोडिएको अमेरिकी धन्यवाद दिवसको पूर्वसन्ध्यामा भन्नुभयो ।“यो प्रशासनको प्रयास र चीनसँगको कूटनीतिका कारण पीआरसीमा गलत तरिकाले हिरासतमा लिएका सबै अमेरिकीहरू स्वदेश फर्किएका छन्,” विदेश मन्त्रालयका प्रवक्ताले बताउनुभयो ।

यस मामिलासँग सम्बन्धित एक स्रोतका अनुसार अमेरिकी हिरासतमा रहेका तीन जना चिनियाँ नागरिकका लागि बेइजिङसँग अदलाबदली गरेर तीनै जनालाई रिहा गर्न लागिएको हो ।सन् २०१२ को अन्त्यतिर स्विदनलाई लागूऔषधको आरोपमा चीनको व्यापारिक भ्रमणका क्रममा पक्राउ गरिएको थियो । उहाँको परिवार र समर्थकहरूले उहाँसँग लागूपदार्थ भएको कुनै प्रमाण नभएको र उहाँका ड्राइभर र अनुवादक सहयोगीले उहाँलाई दोष दिएको बताएका छन् ।

चीनमा कैदीहरूलाई सहयोग गर्ने समूह डुइ हुवाका अनुसार हिरासतमा रहेको प्रारम्भिक समयमा, स्विडनले निद्रा र खानाबाट बञ्चित भएको र १०० पाउन्ड (४५ किलोग्राम) भन्दा बढी तौल गुमाउनुभएको छ । सन् २००६ देखि जेलमा रहेका पास्टर डेभिड लिनलाई सेप्टेम्बरमा संयुक्त राज्य अमेरिकाले रिहा गरेको थियो ।

अमेरिकी अधिकारीहरूले उक्त रिहाई एक चिनियाँ नागरिकको लागि अदलाबदली को एक भाग भएको पछि स्वीकार गरेका थिए । बाइडेन प्रशासनले आफ्नो कार्यकालको बाँकी समयमा कैदीहरूको रिहाई सुनिश्चित गर्ने आशा गरेको थियो, बाइडेनले यसै महिना पेरूमा एपेक शिखर सम्मेलनको क्रममा राष्ट्रपति सी जिनपिङसँग अन्तिम भेटमा ती मुद्दाहरू उठाउनुभएको थियो ।

# चीनका उच्च सैन्य अधिकारी मियाओ हुआविरूद्ध भ्रष्टाचार आरोपमा अनुसन्धान जारी

एएफपी

बेइजिङ । भ्रष्टाचार विरोधी कारबाहीमा परेका एक वरिष्ठ सैनिक अधिकारीलाई ‘अनुशासनको गम्भीर उल्लङ्घन’ गरेको आरोपमा पदबाट हटाइएको बेइजिङले बिहीबार जनाएको छ ।

चिनियाँ रक्षा मन्त्रालयका प्रवक्ता वु कियानले पत्रकार सम्मेलनमा भन्नुभयो, “सत्तारुढ चिनियाँ कम्युनिष्ट पार्टीले मियाओ हुआलाई अनुसन्धान नभएसम्मका लागि निलम्बन गर्ने निर्णय गरेको छ ।”वुले बेइजिङको शक्तिशाली सेन्ट्रल मिलिटरी कमिसन (सीएमसी) का सदस्य तथा एडमिरल मियाओविरुद्ध लगाइएको आरोपबारे थप जानकारी दिनुभएन ।

मियाओ चीनको केन्द्रीय सैन्य आयोगमा राष्ट्रपति सी चिनफिङसहित अन्य पाँच सदस्यसँगै कार्यरत हुनुहुन्थ्यो । उहाँले चिनियाँ सैन्य आयोग (सीएमसी)को राजनीतिक कार्य विभागको नेतृत्व गर्नुभएको थियो । यो शीर्ष सैन्य निकायको सबैभन्दा महत्त्वपूर्ण कार्यालय हो।एशिया सोसाइटीका वरिष्ठ फेलो लाइल मोरिसले मियाओलाई सीको ‘घनिष्ठ सहयोगी’ र सेना र पार्टीबीच ‘विश्वसनीय वार्ताकार’



का रूपमा वर्णन गर्नुभएको छ ।

बेइजिङले गत वर्ष सशस्त्र बलमा कथित भ्रष्टाचारविरुद्ध कडा कदम चालेको बताएको थियो र यसै महिना सीले सेनालाई भ्रष्टाचार निर्मूल पार्न र आफ्नो ‘युद्ध तयारी’ लाई मजबुत बनाउन आदेश दिनुभएको थियो । ब्लुमबर्गले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै भनेको छ, “सेनामा भ्रष्टाचार विरोधी अभियानको तीव्रता आंशिक रूपमा देखिएको छ र यसले भविष्यमा युद्ध गर्ने चीनको क्षमतामा असर पार्न सक्छ भन्ने डर उब्जिएको छ ।

एक विशेषज्ञले एएफपीसँग भन्नुभयो, “मियाओलाई हटाउँदा सीको कडा प्रयासका बावजुद पीएलएमा भ्रष्टाचार र अनुशासनका मुद्दाहरूको सहनशीलता प्रकट हुन्छ।”सिंगापुरको नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीका सहायक प्राध्यापक डिलन लोहले भन्नुभयो, “मलाई लाग्छ, स्पष्ट प्रतिष्ठाको बावजुद खुला र सार्वजनिक रूपमा यी अनुसन्धानहरू अझै पनि भइरहेका छन् र यसले सीको भ्रष्टाचारलाई जरैदेखि उखेलेर फाल्ने सङ्कल्पलाई देखाउँछ।

सोही ब्रिफिङमा वुले रक्षामन्त्री डोङ जुनलाई भ्रष्टाचारको आरोपमा अनुसन्धानको दायरामा राखिएको भन्ने समाचारको खण्डन गर्नुभयो । वूले भन्नुभयो, “प्रश्नमा आएका रिपोर्टहरू विशुद्ध मनगढन्ते छन्।”उहाँले भन्नुभयो, “अफवाह फैलाउनेहरु गलत मनसायबाटप्रेरित भएको देखिन्छ। यस्तो निन्दनीय व्यवहारप्रति चीनले आफ्नो कडा असन्तोष व्यक्त गरेको छ ।”

नौसेनाका पूर्व कमाण्डर डोङलाई गत डिसेम्बरमा रक्षामन्त्रीमा नियुक्त गरिएको थियो भने सात महिनामै पूर्ववर्ती ली शाङफुलाई अचानक पदबाट हटाइएको थियो ।लीलाई पछि घूस खोरीलगायत अपराधमा कम्युनिस्ट पार्टीबाट निष्कासित गरिएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । त्यसयता उहाँ सार्वजनिक रुपमा देखिनुभएको छैन । उनका पूर्ववर्ती वेई फेङहेलाई पनि पार्टीबाट निस्काशित गरी भ्रष्टाचारको आरोपमा अभियोजकहरूलाई हस्तान्तरण गरिएको थियो ।

चीनको परम्परागत र आणविक क्षेप्यास्त्रको विशाल भण्डारको रेखदेख गर्ने चीनको गोप्य रकेट फोर्सको विशेष गरी गहन अनुसन्धान भइरहेको छ ।गत जुलाईमा रकेट फोर्सका एक उच्च चिनियाँ अधिकारी सन जिनमिङलाई पार्टीबाट निकालियो र भ्रष्टाचारको आरोपमा अनुसन्धानको दायरामा ल्याइयो ।चिनियाँ सेनाको अपेक्षाकृत नयाँ एकाइ रकेट फोर्ससँग सम्बन्धित कम्तीमा दुई अन्य उच्च पदस्थ अधिकारीहरूलाई पनि भ्रष्टाचारको आरोपमा हटाइएको छ।

# मिसाइल खतराका कारण युक्रेनमा देशव्यापी हवाई चेतावनी जारी

एएफपी

किएभ । धेरै क्षेत्रहरूमा मिसाइल प्रहार भएको जनाउदै युक्रेनी सेनाले थप हवाई आक्रमण हुनसक्ने भन्दै बिहीबार देशव्यापी चेतावनी घोषणा गरेको छ ।

युक्रेनी सेनाले टेलिग्राममार्फत खार्किभ, ओडेसा र अन्य आठ क्षेत्रहरूमा मिसाइल फेला परेको जानकारी गराउँदै स्थानीयलाई सुरक्षित आश्रयमा जान आग्रह गरेको छ ।पछिल्लो मिसाइल साल्वो अमेरिकी राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले कट्टर वफादार र सेवानिवृत्त जनरल किथ केलोगलाई आफ्नो युक्रेन दूतको रूपमा नियुक्त गरेको एक दिन पछि आएको छ । ट्रम्पले युक्रेनमा अढाई वर्षको रूसी आक्रमण समाप्त गर्ने प्रतिवद्धता व्यक्त गर्दै आउनुभएको छ । ट्रम्पले



युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबिचको युद्धविराम सम्झौतामा आफूले चाँडै मध्यस्थता गर्ने उल्लेख गर्नुभएको छ । यद्यपी ट्रम्पका आलोचकहरूले अमेरिकी सैन्य सहायताको फाइदा उठाउँदै रिपब्लिकनले किएभलाई स्थायी रूपमा कब्जा गरिएको क्षेत्रलाई त्याग्न वा नेटोमा सामेल नहुन सहमत हुने सम्झौतामा दबाब दिन प्रयोग गर्ने सम्भावना रहेको बताएका छन् ।

ट्रम्पले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भन्नु भयो “म जनरल किथ केलगलाई राष्ट्रपतिको सहायक र युक्रेन र रूसका लागि विशेष दूतको रूपमा नियुक्त गर्न पाउँदा निकै खुसी छु ।”सन् २०२२ फेब्रुअरीमा रूसले आक्रमण सुरु गरेदेखि युक्रेनले आफ्नो सशस्त्र सेनाका लागि वासिङ्टनबाट लगभग ६० अर्ब डलर प्राप्त गरेको छ, तर ट्रम्पले ह्वाइट हाउसमा प्रवेश गरेपछि हाल यस विषयमा डर थपिएको छ ।

ट्रम्प निकट अमेरिका फर्स्ट पोलिसी इन्स्टिच्युट थिङ्क ट्याङ्कका लागि केलगको अनुसन्धान पत्रमा भनिएको छ, “अमेरिकाले युक्रेनलाई हतियार बनाउन सहयोग जारी राख्ने र रूसले हमला नगर्ने र युद्धविराम वा शान्ति सम्झौतापछि आक्रमण नगर्ने सुनिश्चित गर्न आफ्नो सुरक्षा बलियो बनाउने उल्लेख छ । तथापि, भविष्यको अमेरिकी सैन्य सहायताले युक्रेनलाई रूससँग शान्ति वार्तामा भाग लिन आवश्यक हुनेछ ।”

# श्रीलङ्कामा आँधीका कारण चार जना बालबालिकाको मृत्यु

एएफपी

कोलम्बो । भारततर्फ गइरहेको शक्तिशाली आँधीले निम्त्याएको भारी वर्षाका कारण आएको आकस्मिक बाढीका कारण चार बालबालिकाको मृत्यु भएको र बाढीका कारण डुबेका अन्य चार बालकलाई उद्धार गरिएको श्रीलङ्काली उद्धारकर्मीले बिहीबार बताएका छन् ।उद्धार टोलीका अनुसार श्रीलङ्कामा बाढीका कारण दुई लाख ५० हजारभन्दा बढी मानिसहरू विस्थापित भएका छन् ।

भारतीय मौसम अधिकारीहरूले दक्षिणपश्चिम बङ्गालको खाडीमा रहेको आँधी चक्रवाती आँधीमा परिणत हुन सक्ने ‘सम्भावना’ रहेको बताएका छन् ।उत्तरी अटलान्टिकमा आँधीबेहरी वा उत्तरपश्चिमी प्रशान्तमा चक्रवातको जोखिम भएजस्तै यस क्षेत्रका लागि पनि चक्रबातको खतरनाक जोखिम रहेको पाइन्छ । श्रीलङ्काको तट पार गरिसकेपछि, आँधी भारतको दक्षिणी तमिलनाडु राज्यतिर उत्तरतर्फ अघि बढिरहेको जनाइएको छ ।

भारतीय मौसम विभागले शनिबार भारतको दक्षिणी तमिलनाडु र पान्डेचरी तटवर्ती क्षेत्रमा ७० किलोमिटर प्रति घण्टा सम्मको गतिमा प्रवाह हुने अनुमान गरिएको छ । श्रील्ङ्काको विपद् व्यवस्थापन केन्द्रले विस्थापित आफ्नो घर जलमग्न भएपछि सार्वजनिक भवनमा अस्थायी आश्रय खोजिरहेको जनाएको छ ।



सरकारले सेनाको सहयोगमा राहत कार्य सुरु गरेको जनाएको छ । विपद् व्यवस्थापन केन्द्रले अझै पनि बेपत्ताहरुको खोजी गरिरहेको उल्लेख गरेको छ । दक्षिण एसियाली क्षेत्रले वर्षासँग सम्बन्धित घातक बाढी र पहिरोजन्य जोखिम निरन्तर भोग्दै आएको छ । विज्ञहरूले भने जलवायु परिवर्तनका कारण यस्ता खालका समस्याहरू बढ्दै गएको उल्लेख गरेका छन् ।

# आम्दानीको स्रोत तरकारीखेती



अत्तरिया । कैलालीका किसानले व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी गर्न थालेका छन् । पछिल्लो समय यहाँका किसानले व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी गर्न थालेका हुन् ।

त्यसमध्ये एक हुनुहुन्छ कैलालीको धनगढी उपमहानगरपालिका-६ मटियारीका रामआश्रय राना । उहाँले तरकारी खेतीबाट वर्षमा रु तीन लाख ५० हजारसम्म आम्दानी हुने गरेको बताउनुभयो । रानाले विगत २५ वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आएको बताउनुभयो ।

उहाँले ११ कठ्ठा जग्गामा तरकारी खेती गर्दै आउनुभएको छ । "पाँच कठ्ठा जग्गामा आलु लगाउने गरेको छु । वर्षमा रु एक लाख पचास हजारको आलु मात्रै बिक्री गर्छु । गत वर्ष २५ क्विन्टल आलु बेचेको थिए । यसपटक पनि राम्रै उत्पादन हुने आशा छ", रानाले भन्नुभयो,"छ जनाको परिवार छ । तरकारी खेतीबाट राम्रैसँग घर खर्च चल्छ । केही बचत पनि हुन्छ ।" उहाँले मौषमअनुसार तरकारी लगाउने गर्नुभएको छ ।


सोही ठाउँका रामदिन रानाले व्यावसायिक तरकारी खेतीबाट वार्षिक दुई लाखभन्दा बढी आम्दानी हुने गरेको बताउनुभयो । लामो समयदेखिव्यावसायिकतरकारीखेती गर्दै आउनुभएका रानाले हाल करिब छ कठ्ठा जग्गामा तरकारी खेती गर्नुभएको छ। "पाँच जनाको परिवार छ । तरकारी खेतीबाट घरखर्च राम्रैसँग चल्छ। मेहनत बढी भए पनि आम्दानी पनि राम्रै हुन्छ। पछिल्लो समय तरकारीको मूल्य राम्रै पाइरहेका छौँ",उहाँको भनाइ छ।

सोही ठाउँकी अनोखा रानाले पनि व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी गरिरहेको सुनाउनुभयो । उहाँले एउटा 'सिजन'मा रु एक लाखभन्दा बढी आम्दानी हुने गरेको बताउनुभयो । "मैले पाँच कठ्ठा जग्गामा तरकारी लगाएकी छु, आम्दानी राम्रै हुन्छ । आम्दानीको अरु स्रोत नभए पनि यसैबाट घरखर्च, छोराछोरीको पठनपाठन र आवश्यक परेका बेला गर्जो टार्न सकिएको छ", उहाँले रासससँग भन्नुभयो ।

उत्पादन गर्न सके बजारको कुनै समस्या नरहेको किसानहरूको भनाइ छ । "आफूलाई पनि दैनिक उपभोग गर्न हुने, अरुलाई ताजा तरकारी दिएमा जस पनि मान्ने र त्यसैबाट आम्दानी पनि हुने । फेरि नजिकै बजार रहेकाले बेच्नलाई कुनै समस्या हुँदैन । बजार भाउ राम्रो भएका बेला त तरकारी बिक्रीबाट राम्रै आम्दानी हुन्छ। यसैमा खुसी छौँ", यहाँका किसानले भन्ने गरेका छन् ।रासस

# पर्यटकीय स्थल पिकेडाँडा र ज्वालामाई क्षेत्रमा भरपर्दो सञ्चार सुविधा नहुँदा पर्यटकलाई मर्का

सोलुखुम्बु । जिल्लाको सोलुदुधकुण्ड नगरपालिका-३ मा अवस्थित प्रसिद्ध पर्यटकीय गन्तव्य पिकेडाँडा र धार्मिक आस्थाको केन्द्र ज्वालामाई मन्दिरमा कमजोर सञ्चार सेवाका कारण स्थानीय बासिन्दा र पर्यटकले सास्ती भोग्नुपरेको छ । नेपाल टेलिकमको नेटवर्क कमजोर हुनु र अन्य सेवा प्रदायकको उपस्थिति नहुनुले यहाँ सञ्चार समस्या छ, जसका कारण यहाँ पुग्ने धार्मिक तथा अन्य पर्यटक सञ्चार सेवाबाट विमुख हुने गरेका छन् । जिल्ला सदरमुकाम सल्लेरीसँगै जोडिएको यस वडाको पिकेडाँडा र ज्वालामाई मन्दिर पर्यटकको रोजाइमा पर्ने स्थल हो ।



**पिके डाँडाको पर्यटकीय महत्व र सम्भावना**

समुद्री सतहदेखि चार हजार ६५ मिटर उचाइमा रहेको यो डाँडा पर्यटकका लागि प्रमुख गन्तव्यका रूपमा परिचित छ । यहाँबाट सगरमाथा, ल्होत्से, मकालु, चो ओयुलगायत हिमालको अद्वितीय दृश्यावलोकन गर्न सकिन्छ । साथै, सुनपानी, चिमल र लालीगुँराससहितका हिमाली वनस्पति नजिकबाट अवलोकन गर्ने अवसरले यस क्षेत्रमा आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरेको स्थानीय बताउछन् । जसका कारण विभिन्न ट्रेकिङ कम्पनीले सिजनमा पिके पिक ट्रेकसमेत सञ्चालन गर्ने गरेका छन् ।

पर्यटन व्यवसायी फुर्वा शेर्पाका अनुसार पिके डाँडामा हरेक वर्ष करिब १५ हजार स्वदेशी तथा विदेशी पर्यटक आउने गरेका छन् । "सगरमाथा बेसक्याम्पको तुलनामा यो क्षेत्र सहज पदयात्रा गन्तव्यका रूपमा विकास भएको छ तर सञ्चार सेवाको अभावले यहाँको पर्यटकीय सम्भावनामा ठूलो असर गरेको छ", उहाँले भन्नुभयो ।

**सञ्चार नै चुनौती**

सञ्चार सेवा कमजोर भएकै कारण कतिपय पर्यटक बाटो भुलेर सम्पर्कविहीन हुने र उद्धारमा ढिलाइ हुने समस्या देखिने गरेको होटल व्यवसायी गेलु शेर्पाले बताउनुभयो । "कतिपय पर्यटक भ्रमणका क्रममा साथीसँग सम्पर्क टुट्दा रातभर हराउने गरेका छन्, फोन गर्दा फोन लाग्दैन, जसले उद्धारमा समेत समस्या हुन्छ", शेर्पाले भन्नुभयो ।

पाँच वर्षअघि सल्लेरीका युवा पूर्णबहादुर खड्काको पिकेडाँडा भ्रमणमा जाने क्रममा हराएर ज्यान गयो । त्यहाँबाट फर्कने क्रममा साथीसँग छुटेका खड्का रातको समयमा भिरबाट लड्दा घटनास्थलमै मृत्यु भएको थियो । खड्कालाई सम्पर्क गर्ने प्रयास गरिए पनि टेलिफोन नलाग्दा समस्या भएको स्थानीय सम्झन्छन् । त्यसको भोलिपल्ट खोज्ने क्रममा पिके खोप भन्ने स्थानमा लडेको अवस्थामा उहाँको शव भेटिएको थियो ।

यो त प्रतिनिधि घटना मात्रै हो । पिके क्षेत्रमा सञ्चार सम्पर्कबाट टुट्दा पर्यटक अलपत्र पर्ने तथा बिचल्ली हुने घटना सामान्यजस्तै बनेको लोदिङका ल्हाक्पा ग्याल्जेन शेर्पाले बताउनुभयो । सल्लेरीबाट अघि बढेदेखि नै कम्जोर हुने गरेको सञ्चार सम्पर्क पिकेडाँडा क्षेत्र पुग्दा पूर्ण रूपमा नै विच्छेद हुने गरेको उहाँको भनाइ छ । पिकेभन्दा तलको गाउँ तामाखानी, लोदिङ गाउँ समेतमा सञ्चार सेवा कम्जोर भएकाले झनै सास्ती खेप्नुपरेको स्थानीय बताउछन् ।

**धार्मिक आस्थाको केन्द्र : ज्वालामाई मन्दिर**

सोलुदुधकुण्ड नगरपालिका-३ क्षेत्रमै अवस्थित ज्वालामाई मन्दिर क्षेत्रको समस्या पनि यस्तै छ । चिताएको पूरा हुने जनविश्वासका कारण यो मन्दिरमा हरेक वर्ष करिब ३० हजार भक्तजन आउने गरेका छन् तर भरपर्दो सञ्चार सेवा नहुँदा भक्तजनलाई समस्या हुने गरेको छ । मन्दिर व्यवस्थापन समितिका सदस्य भिमनारायण श्रेष्ठले भन्नुभयो, "मन्दिरमा आउने भक्तजनले यात्रा गर्दा नेटवर्कको गुनासो गर्ने गरेका छन् । यत्रो प्रसिद्ध मन्दिर क्षेत्रमा समेत भरपर्दो सेवा उपलब्ध गराउन नसक्नु कमजोरी हो ।"

यसकारण धार्मिक तथा प्रकृतिप्रेमी पर्यटकमा नकरात्मक छाप पर्ने गरेको स्थानीय आङ पुला शेर्पाको भनाइ छ । तामाखानी क्षेत्रका स्थानीयले सञ्चार सम्पर्क गर्न डाँडामा जानुपर्ने बाध्यता कायमै रहेको उहाँले बताउनुभयो ।

**स्थानीयको गुनासो**

सोलुदुधकुण्ड नगरपालिका-३ का स्थानीय बासिन्दा र व्यवसायीले पटकपटक गुनासो गर्दा पनि समस्या समाधानमा कसैले चासो नदेखाएको गुनासो गरेका छन् । पिके सामुदायिक वन तामाखानीका अध्यक्ष सन्तबहादुर मगरले धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्रमै सञ्चारलगायत पूर्वाधारमा ध्यान नदिनु दुःखद भएको बताउनुभयो ।

स्थानीय बाबुराम घिमिरेले भन्नुभयो, "सडक र बिजुलीजस्तै सञ्चार पनि आजको युगमा आधारभूत आवश्यकता हो तर यो सुविधा नहुनुले हामीलाई पछि पारेको छ । सदरमुकाम सल्लेरीसँग नजिक भए पनि यो क्षेत्र अझै सञ्चार उपलब्धिबाट लाभान्वित हुनसकेको छैन ।"


**राज्यको प्रयास**

नेपाल टेलिकम शाखा कार्यालय ओखलढुङ्गाका प्रमुख राजु रानाका अनुसार यहाँ समस्या समाधानको प्रयास नभएको होइन । सल्लेरीस्थित च्यानडाँडाको रेडियो लिङ्कको क्षमता बढाएर समस्या समाधानको प्रयास भए पनि त्यो पर्याप्त नभएको उहाँको भनाइ छ । "पिकेडाँडा र ज्वालामाई क्षेत्रको समस्यालाई सम्बोधन गर्न नयाँ टावर स्थापना गर्न आवश्यक छ । यसका लागि थप बजेट र पूर्वाधार विकास गर्नुको विकल्प छैन", कार्यालय प्रमुख रानाले भन्नुभयो ।

वडाध्यक्ष ल्हाक्पा गेलु शेर्पा भने वडामार्फत बारम्बार ध्यानाकर्षण गराउँदा पनि ठोस नतिजा नआउनु नियमनकारी निकायको उदासीनता भएको गुनासो गर्नुहुन्छ । "पर्यटकीय र धार्मिक महत्व बोकेको क्षेत्रमा भरपर्दो सञ्चा सेवा नहुनुले स्थानीय र पर्यटक दुवैलाई असर गरिरहेको छ", उहाँले भन्नुभयो,"पिके डाँडा र ज्वालामाई मन्दिरजस्ता गन्तव्यको महत्वलाई ध्यानमा राख्दै दिगो सञ्चार सेवा उपलब्ध गराउनु अपरिहार्य छ । जसका लागि स्थानीय सरकार र जनानिर्वाचित प्रतिनिधिको हैसियतले आफू सहयोग गर्न तयार छु ।"पर्यटन व्यवसायी दावा शेर्पा पनि यहाँको पर्यटनलाई प्रवर्द्धन गर्न भरपर्दो सञ्चार सेवाका लागि सरोकार भएका निकायलाई आग्रह गर्नुहुन्छ ।रासस

# मलको अभाव हुँदा खेती गर्न समस्या

भजनी । कैलालीको भजनी नगरपालिका-५ का हरिप्रसाद डगौराले चार बिघा जग्गामा गहुँखेती गर्ने तयारी गर्नुभएको धेरै भयो । पश्चिम तराईका जिल्लामा मङ्सिर पहिलो हप्ताभित्रमा खेतमा गहुँ छरिसक्नुपर्ने बताउने उहाँको दैनिकी आजभोलि रासायनिक मलको खोजीमा बितिरहेको छ ।



भजनीलगायत आसपासका बजारमा मलको खोजीमा रहनुभएका उहाँलाई मल नपाइएपछि गहुँखेती गर्न नपाइने होकी भन्ने चिन्ताले सताउन थालेको छ । "खेतमा पहिलेदेखि नै रासायनिक मल प्रयोग गर्दै आएकाले मल नहालेर उब्जनी हुँदैन", उहाँ भन्नुहुन्छ,- "दिनभर मलका लागि दौडधुप हुन्छ, साँझ रित्तो घर फर्कनुपरेको छ ।"

स्थानीय बजारमा मलको सहज आपूर्ति नहुँदा हरिप्रसादजस्तै भजनीका कैयौँ किसानले अझै खेती लगाउन सकेका छैनन् । गहुँखेती गरेका किसानहरू पनि मल नपाएर तनावमा रहेका छन् । समयमा मल नपाएपछि मल नहालेरै गहुँ छर्नुभएका लक्ष्मण चौधरीको समस्या पनि उस्तै छ । उहाँले नौ बिघा क्षेत्रफलमा गहुँ लगाउनु भएको छ ।

"नेपाली बजारमा मल कतै पाइँदैन । पाइए पनि एक कट्टा मल पाइन्छ, नौ बिघा खेतमा त्यो एक कट्टाले कसरी पुऱ्याउनु ?" उहाँ भन्नुहुन्छ,- "भारतीय बजारबाट व्यवहार हेरेर किसानलाई आफ्नो प्रयोगको लागि मल ल्याउन दिएको भए पनि सहज हुन्थ्यो ।" भारतीय बजारमा मल उपलब्ध भए पनि सीमा प्रहरीले रोक लगाउने गरेको किसानहरुको गुनासो छ । व्यावसायिक प्रयोजनको लागि नभई व्यक्तिगत प्रयोजनको लागि भारतीय बजारबाट मल ल्याउन पाउनुपर्ने माग किसानले गर्दै आएका छन् ।

सरकारले किसानलाई खेतीको समयमा सहजरूपमा मल उपलब्ध गराउन नसकेको जुगराम डगौरा बताउनुहुन्छ । "कृषिमा राज्यले ठूलो लगानी गर्दै आएको बताउँछ, तर किसानले पैसा तिरेरै पनि समयमा मल पाउने स्थिति छैन", उहाँले भन्नुभयो ।

भजानी नगरपालिका कृषिका लागि उर्बर हो । त्यहाँका अधिकांश नागरिकहरू कृषि पेसामा आबद्ध छन् । बाढी र डुबानका कारण बर्र्सातको खेती अधिकांश किसानले गर्दैनन् । हिउँदे खेती त्यहाँका किसानको मुख्य आयस्रोत हो । स्थानीय बजारमा मल नभेटेपछि भारतबाट दुई कट्टा मल ल्याएर आउनुभएका सुन्दर चौधरीले मल प्रहरीले नियन्त्रणमा लिएर भन्सार पुगेको गुनासो सुनाउनुभयो ।

किसानले मल नपाएको गुनासो आएपछि भजनी नगरपालिकाले सरोकारवाला निकायसँग छलफल गरेको छ । नगरपालिकाका प्रवक्ता एवं वडा नं ३ का वडाध्यक्ष विक्रम चौधरी सरकारले अनुदानमा छुट्याइएको मलको कोटाअनुसार भजनीका एक तिहाइ किसानको माग पूरा नहुने बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ,- "किसानको मागअनुसार मलको उपलब्धता हुने हो भने २५ देखि ३५ हजार क्विन्टल मल आवश्यक पर्छ ।" किसानले एकदुई बोरा मल भारतीय बजारबाट खेतको लागि ल्याउँदा त्यसलाई अवरोध सुरक्षा निकायले गर्न नहुनेमा जोड दिएका छन् । नगरपालिकाका नगर प्रमुख केवल चौधरीले मलको समस्या बर्सेनि किसानले झेल्दै आएको बताउँदै समाधानका लागि नगरपालिकाले प्रयास गर्दा पनि सफल हुन नसकिएको बताउनुभयो ।"रासस

# धान उत्पादन बढेपछि किसान उत्साहित

रामपुर । जिल्लामा यस वर्ष धान उत्पादनमा वृद्धि भएपछि किसान उत्साहित छन् । गुणस्तरीय बीउ, उन्नत वा हाइब्रिड जातका धानको प्रयोग, अनुकूल मौसमलगायत कारणले धान उत्पादन बढेको हो ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार यो वर्ष जिल्लामा ३६ हजार आठ सय मेट्रिक टन धान उत्पादन भएको छ । गत वर्ष यहाँ ३४ हजार सात सय ६२ मेट्रिक टन उत्पादन भएकामा यस वर्ष तीन दशमलव छ प्रतिशतले उत्पादन वृद्धि भएको केन्द्रका प्रमुख सन्तोष चौधरीले जानकारी दिनुभयो । गुणस्तरीय र उन्नत जातका बीउको प्रयोग, अनुकूल मौसम, मलको उपलब्धतालगायत कारण धान उत्पादन बढेको उहाँले बताउनुभयो ।



"केही स्थानामा धान पसाउने बेला रोग, कीराको समस्या देखिए पनि समग्र जिल्लाभर उत्पादन बढेको छ । किसानले उन्नत जातको बीउको प्रयोग गर्नु, यसवर्ष प्रयाप्त सिँचाइ, आधुनिक प्रविधिको प्रयोगलगायत कारणले उत्पादनमा वृद्धि आएको हो", प्रमुख चौधरीले भन्नुभयो । उहाँका अनुसार यस वर्ष जिल्लामा आठ हजार छ सय २० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको छ । गतवर्ष आठ हजार दुई सय हेक्टर क्षेत्रमा खेती गरिएको थियो ।

गाउँगाउँमा स्थानीय, प्रदेश तथा सङ्घीय सरकारको सहयोगमा सिँचाइ आयोजना कार्यक्रम सञ्चालनमा आएपछि कुलो, नहर व्यवस्थित हुँदा धान लगाउने क्षेत्रफल बढ्न थालेको प्रमुख चौधरीले जानकारी दिनुभयो । सिँचाइको अभावले बाँझो रहेका जग्गामा पछिल्लो समय सिँचाइ सुविधा पुगेपछि बारी तथा बाँझिएका जमिनमा पनि किसानले धान लगाउने गरेका छन् ।

धानखेतीका लागि मौसम अनुकूल हुँदा उत्पादन वृद्धि भएको किसान सीता देवकोटाले बताउनुभयो । "रोपाइँ गरेदेखि वर्षा भइरहेकाले सिँचाइ गर्न सजिलो भयो, वर्षदिनभरि खाने अनाज राम्रो उत्पादन हुँदा खुसी लागेको छ । भकारीभरि धान भएपछि मन ढुक्क छ, कतै बीउको समस्याले पसाउने बेला रोगकीरा देखिए पनि अधिकांश किसानले यसवर्ष अघिल्ला वर्षमा भन्दा धेरै धान भित्र्याउनु भएको छ", उहाँले भन्नुभयो ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले विहिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ८३ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ४३ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ७३ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ३६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ६९ रुपैयाँ ९१ र बिक्रीदर एक सय ७० रुपैयाँ ६६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ७० पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ ३८ पैसा कायम गरिएको छ ।



अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ २९ पैसा र बिक्रीदर ८७ रुपैयाँ ६८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ८९ पैसा र बिक्रीदर ९६ रुपैयाँ ३१ पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय रुपैयाँ ३१ पैसा र बिक्रीदर एक सय रुपैयाँ ७६ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर खाठ रुपैयाँ ६८ पैसा र बिक्रीदर आठ रुपैयाँ ९३ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ५९ पैसा र बिक्रीदर १८ रुपैयाँ ६८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ४ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९९ पैसा र बिक्रीदर ३७ रुपैयाँ १५ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९० पैसा र बिक्रीदर तीन रुपैयाँ ९२ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ७१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८७ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ३५ पैसा र बिक्रीदर ३० रुपैयाँ ४९ पैसा, साउथ कोरियन वन एक सयको खरिदर ९ रुपैयाँ ६७ पैसा र बिक्रीदर ९ रुपैयाँ ७१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३१ पैसा र बिक्रीदर १२ रुपैयाँ ३६ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ र बिक्रीदर १९ रुपैयाँ ९ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३३ पैसा र बिक्रीदर १७ रुपैयाँ ४० पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ४७ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ४२ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ८० पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ ३९ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।रासस

# उद्योगबाट निस्किएको प्रदूषित पानीले रामग्राम र पाल्हीनन्दन दुर्गन्धित

नवलपरासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१० नदवामा रहेका उद्योगको फोहर पानीले आसपासका क्षेत्र दुर्गन्धित बनेका छन् । उद्यागहरूबाट निस्किएको फोहरले रामग्राम र पाल्हीनन्दन दुर्गन्धित बनेपछि जिल्ला प्रशासन कार्यालय तथा रामग्राम नगरपालिकामा निवेदन दिइएको छ ।



पाल्हीनन्दन गाउँपालिका-६ का सन्दीप यादवले स्थानीय उद्योगबाट निस्किएको फोहरले गाउँ प्रदूषित हुनुका साथै फोहर पानीमा केमिकल मिसिएको र उक्त पानी खोलामा जाँदा खोला दुर्गन्धित बनेको बताउनुभयो । उहाँका अनुसार केमिकल मिसिएको पानी खोला, नालामा छोड्दा फोहर पानीले कृषि बालीलाई क्षति पुऱ्याउनुका साथै त्यो पानी खाएर कतिपय गाईभैँसी र बाख्रा मरेका छन् ।

यसरी वातावरण प्रदूषण हुनुका साथै पशुचौपाया, कृषि बालीमा क्षति हुन थालेपछि प्रदूषण रोक्न र सारेकार भएकाको ध्यानाकर्षण गराउन जिल्ला प्रशासन कार्यालय र रामग्राम नगरपालिकामा निवेदन दिइएको यादवले जानकारी दिनुभयो ।

जिल्लामा रहेका रोसलान भोडका, वरुण वेभरेज, लुम्बिनी पेपर मिल, गोयनका प्रालिबाट निस्किने प्रदूषित पानी प्रशोधन नगरी खोलानालामा छोडेकाले पशुचौपाय चरन गर्न नपाएका, कतिपय पशु मरेका, प्रदूषित पानीले खोलानाला दुर्थन्धित भई वातावरण दूषित गरिरहेको पाल्हीनन्दनका धरेन्द्र यादवले बताउनुभयो । उद्योगबाट निस्किने फोहर पानीले वातावरण दूषित गरेको रामग्राम नगरपालिका-१० का वडाध्यक्ष सुरेश यादवले बताउनुभयो ।

उद्योगहरूको प्रदूषित पानीले कृषि तथा पशुचौपायमा क्षति पुऱ्याएको स्थानीयवासीले निवेदन आएपछि अनुगमन गर्दा प्रदूषित पानी बगिरहेको पाइएको पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले बताउनुभयो । समस्या समाधानका लागि उद्योगका प्रतिनिधि, स्थानीय प्रतिनिधि, नागरिकसहित छलफल गरी विकल्प खोजिने उहाँको भनाइ छ ।रासस

# एम्बुलेन्सबाट लागूऔषध ब्राउनसुगर बरामद

टुडे समाचारदाता

बर्दिबास । बर्दिबासमा एक एम्बुलेन्सबाट प्रहरीले लागूऔषध ब्राउन सुगरसहित २ जनालाई पक्राउ गरेको छ ।



सिन्धुलीस्थित प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटले सञ्चालन गरेको एम्बुलेन्सबाट प्रहरीले ब्राउन सुगरसहित २ जनालाई पक्राउ गरेको हो ।

बर्दिबासबाट सिन्धुलीतर्फ जाँदै गरेको बा.प्र ०१-००२ झ ६६९० नंको एम्वुलेन्सबाट १० ग्राम ब्राउन सुगर बरामद भएपछि चालकसहित दुवै जनालाई नियन्त्रणमा लिएको छ ।

बीपी राजमार्गबाट लागूऔषध ओसारपसार भइरहेको सूचनाको आधारमा इलाका प्रहरी बर्दिबासबाट खटी गएको सुरक्षा टोलीले बुधबार राति बर्दिबास- ३ स्थित बीपी राजमार्गमा एम्बुलेन्सको तलासी लिएको थियो । तलासीका क्रममा एम्बुलेन्सको साइरनमा रहेको माइक्रोफोनभित्र लुकाई राखेको अवस्थामा ब्राउन सुगर बरामद भएको डिएसपी रेवती रमण पोखरेलले जानकारी दिए ।

लागूऔषध ब्राउन सुगर कारोबारमा अन्यको पनि संलग्नता हुन सक्ने प्रहरीको आशंका छ । थप अनुसन्धान प्रभावित हुने भन्दै प्रहरीले चालकसहित पक्राउ परेका दुवै जनाको नाम तत्काल सार्वजनिक गरेको छैन ।

एम्बुलेन्ससहित पक्राउ परेका दुवै जनामाथि बर्दिबास प्रहरीले अनुसन्धान गरी रहेको छ। बरामद एम्बुलेन्स सिन्धुलीस्थित मरिन गाउँपालिकाले सो स्वास्थ्य केन्द्रलाई हस्तान्तरण गरेको थियो ।

# सीमांकनबिनै रेल विभागको अर्को टेन्डर

**अधिग्रहण गरी लिनुपर्ने जग्गाको सीमांकन नै नगरी विगतमा झैं रेल्वे विभागले पुन: टेन्डर प्रक्रिया थालेको छ । जसले गर्दा महोत्तरीको बर्दिवासका स्थानीयवासीको जग्गाधनीलाई मर्का पर्ने भएको छ ।**

टुडे समाचारदाता

जनकपुरधाम । अधिग्रहण गरी लिनुपर्ने जग्गाको सीमांकन नै नगरी विगतमा झैं रेल्वे विभागले पुनः टेन्डर प्रक्रिया थालेको छ । जसले गर्दा महोत्तरीको बर्दिवासका स्थानीयवासीको जग्गाधनीलाई मर्का पर्ने भएको छ ।




रेल विभागका यसअघिका महानिर्देशक रोहितकुमार बिसुरालले पनि सीमांकन बिनै टेन्डर गरिदिंदा स्थानीयवासीको जग्गाहरू जथाभावी अधिग्रहण गरेका थिए । पूर्ववर्तीकै शैलीमा अहिलेका महानिर्देशक अजयकुमार मुलले पनि अधिग्रहण गर्नुपर्ने जग्गाको सीमांकन बिनै टेन्डर प्रक्रिया अघि बढाएका छन् ।

एउटै मापदण्डमा परेका जग्गाहरूको मुआब्जा आफूखुसी फरक-फरक दरमा दिइएको छ । कतिलाई समयमै मुआब्जा दिइएको छ भने कतिलाई वर्षौ धाउँदासमेत मुआब्जा उपलब्ध नगराउँदा उनीहरु आन्दोलित नै छन् । यसले स्थानीय जनता लामो समयदेखि समस्यामा परेको भन्दै पटकपटक आन्दोलन गरिरहेका छन् ।

अधिग्रहण गरेको जग्गा कति हो भन्ने यकिन र सीमांकन नगरी हतार-हतारमा टेन्डर प्रक्रिया थाल्नुले विभागको नियतमा शंका उत्पन्न भइरहेको बर्दिबासका वासीहरु बताउँछन् । सीमांकन नगरी माटो फिलिङ गर्दा अधिग्रहण नगरिएको जग्गामा माटो पुरिँदा भोलि विवाद सिर्जना हुने र आयोजनाको निर्माणमै ढिलाइ हुने भएको छ ।

भंगाहा गाविसको वडा नम्बर ४ ग र ४ जको उत्तरतर्फ पानीट्यांकी हुँदै प्रेमनगर कटहरी जाने सडक छुटेको भनि रेल्वे कार्यालयको सिफारिसमा मुआब्जा थप गर्ने निर्णय भएको थियो । आफू अनुकूल रकम थप्न लगाएर त्यसबाट मोटो रकम कुम्ल्याउने योजना बनाएको उनीहरुको आरोप छ । किसानहरूलाई निरन्तर झुलाउने र दुःख दिने काम उनीबाट भएको छ । त्यतिमात्रै होइन, बर्दिवास नगरपालिकाभित्र निर्माण हुने स्टेसन क्षेत्रमा रहेका १४ वटा घरहरूको विवाद समाधान नगरीकनै हतार-हतार ठेक्का लगाउने काम गराएका थिए ।

जिल्ला प्रशासन कार्यालयबाट मुआब्जाको दररेट वर्गीकरण गरी प्रकाशित भएकामा पदको दुरुपयोग गर्दै व्यक्तिगत लाभ लिने र राज्यलाई नोक्सानी पुऱ्याउने काम गरेका थिए । त्यतिमात्रै होइन, मुआब्जा वितरण गर्दा जो ओझा र उनको टिमलाई भनेबमोजिम गर्न तयार भए, उनीहरूलाई दिनुपर्नेभन्दा ज्यादा सिफारिस गर्ने र जो सर्वसाधारण छन् र उनीहरूको मिलेमतोमा सहभागी हुन सकेनन्, उनीहरूलाई निरन्तर दुःख दिने काम गरिहेका छन् । सिनियर डिभिजिन इन्जिनियर कमलकुमार शाह र विनोद ओझाले बर्दिवास नगरपालिकाको खोल्सी पैनी सम्बन्धको मुआब्जा वितरणपश्चात् जिप्रका महोत्तरीबाट प्रकाशित वर्गीकरणमा क्रंस २५ को खोल्सी पैनी कुन हो भनी जिल्ला प्रशासनलाई पत्राचार गरेका थिए ।

# क्याम्पस प्रमुख हत्याका अभियुक्त पक्राउ



टुडे समाचारदाता

बारा । बाराको कलैयास्थित रामराजा मोहनविक्रम शाह बहुमुखी क्याम्पस प्रमुख हरिभूषण कुशवाहा हत्याको मुख्य अभियुक्त सुरेन्द्रप्रसाद कुशवाहालाई साढे ५ महिनापछि प्रहरीले पक्राउ गरेको छ ।

मोरङको विराटनगरमा डेरा लिएर बस्दै आएका आरोपित कुशवाहाले खेतीकिसानी मजदुरका रूपमा काम गर्दै आएका थिए ।

श्रीमती र एक छोरासहित बसिरहेका बेला जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको विशेष टोलीले उनलाई पक्राउ गरेको जनाइएको छ ।

बारा प्रहरीका प्रहरी उपरीक्षक महेन्द्र खड्का आफैं भारतको पटना पुग्दा समेत कुशवाहा नजिकैबाट उम्किएका थिए । यसपटक भने कुशवाहाले आफूलाई प्रहरीले निगरानी गरिरहेको भेउ नपाउँदा प्रहरीले पक्राउ गर्न सकेको छ ।

प्रहरीलाई प्राप्त सूचनाअनुसार गत जेठ ३२ गते बाराको आदर्शकोतवाल गाउँपालिकामा हरिभूषणमाथि गोली प्रहार गरेपछि सुरेन्द्र भागेर भारतको वनारस पुगेका थिए । त्यसपछि उनी भारतको सीतामढी हुँदै पटना पुगेका थिए ।


प्रहरीका अनुसार कुशवाहाले अहिलेसम्म ४ वटा विवाह गरेको आशंका छ। उनीसंग अहिले रहेकी कान्छी श्रीमती हुन् । पछिल्लो श्रीमतीबाट एक छोरा जन्मिए पनि त्यसअघिका दुईवटा बच्चा थिए । अरू सबै कुशवाहाबाट अलग भइसकेका छन् ।

बारा प्रहरीले कुशवाहाका नजिकका व्यक्तिबाट नै भारतस्थित ससुराली घर पत्ता लगाएको थियो। ससुराली घरबाटै सुरेन्द्रकी पत्नीको फोन नम्बर लोकेट गरेर प्रहरी उनको लोकेशन पत्ता लगाउन सफल भयो ।

कुशवाहा नेपाल छिरेकोसम्म थाहा पाएपनि उनी विराटनगरमै किन बसे भन्ने कुराको पछाडि अर्को पनि कारण छ । यसअघि कुशवाहाले पूर्वकै एक युवतीसँग विवाह गरेका थिए ।

नेपाली सेनामा १० वर्ष सिपाही भएर काम गरेका कुशवाहा जागिर छाडेर भागेका थिए। बारामै भएको अर्को एउटा हत्या काण्डमा समेत कुशवाहाको संलग्नता देखिए पनि उनी उम्किएका थिए ।

# सप्तरीका मतदान केन्द्र 'अति संवेदनशील'



टुडे समाचारदाता

राजविराज । स्थानीय तहको उपनिर्वाचन हुने मधेश प्रदेशको सप्तरीका सबै मतदान केन्द्र अति संवेदनशील सूचीमा छन् । यही मंसिर १६ गते हुने उपनिर्वाचनअन्तर्गत सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ र ४ मा वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुनेछ ।

दुवै वडामा गत स्थानीय तहको निर्वाचनमा विजयी वडाअध्यक्षको मृत्यु भएपछि उपनिर्वाचन हुन लागेको छ ।

सप्तरी प्रहरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जनाएअनुसार डाक्नेश्वरी नगरपालिका-१ मा एक मतदान स्थलमा तीन मतदान केन्द्र र वडा नम्बर ४ मा एक मतदान स्थलमा दुई मतदान केन्द्र कायम गरिएको छ । यी दुवै मतदान स्थल सुरक्षाका दृष्टिकोणले विगतदेखि नै अति संवेदनशील सूचीमा रहेका छन् ।

उपनिर्वाचनलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्था कडा पारिएको सुरक्षा स्रोतले जनाएको छ । डाक्नेश्वरी नगरपालिका क्षेत्रमा प्रहरीको पैदल गस्ती, चेकजाँच तीव्र पारिएको छ । मतदान केन्द्रमा खटिने सुरक्षाकर्मी कार्यक्षेत्रमा खटिइसकेका छन् ।

स्थानीय तहको उपनिर्वाचन भइरहेका दुवै वडामा ८/८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# जचुकालिको भित्तामा मिथिला चित्रकला

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुर चुरोट कारखाना लिमिटेड( जचुकालि)को भित्ता केही दिनदेखि मिथिला चित्रकलाले रंगिदैछ ।



केही दिनदेखि जचुकालिको भित्तामा कलाकारहरु सीतारामको विवाह समयको प्रतीकात्मक चित्रकला कोरिरहेको देखिएका छन् ।

याक, गैंडा र देउराली ब्रान्डको चुरोट उत्पादन गर्ने यो उद्योग २०७० असार २० गतेदेखि बन्द छ । उद्योगभित्र हाल मधेश प्रदेश सरकारको मुख्यालय छ । सोभियत संघ (रुस)को सहयोगमा २०१७ सालमा जनकपुरमा यो उद्योग निर्माण थालिएको थियो ।

करिव ६४ वर्षअघि निर्माण गरिएको उद्योगको यो भित्तालाई मधेश प्रदेश सरकारले मिथिला पेन्टिङ गरेर सिंगार्न थालेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मुख्यद्वारको पश्चिमी भित्तामा तीनजना कलाकार हरुको एक समूहले एकैसाथ एउटै पेन्टिङलाई अन्तिम रूप दिँदै थिइन् । मिथिलाको वैवाहिक परम्परालाई भित्तामा उतारेका तीनैजना कलाकारहरूले आफूहरुले लगाएको लुगाको रंग नै पेन्टिङमा पोतेका छन् ।

३३ बिघा ९ कठ्ठा जग्गा ओगटेको उद्योगको बाहिरी पर्खालको ३ हजार ५ सय फिट (१ किमि)मा १ सय ६० वटा मिथिला पेन्टिङ कोरिने जनाइएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले २० लाख रुपैयाँ खर्चेर जचुकालिको बाहिरी परिसर सिंगारिरहेको छ ।

मिथिलाको संस्कृति, रहनसहन, खानपान र विविधता झल्काउने १ सय ६० फरक प्रकारका मिथिला पेन्टिङ पर्खालमा पोतिने जनाइएको छ ।

# चिकित्सकहरुका लागि शिक्षण सिकाई तालिम




टुडे समाचारदाता

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा चिकित्सकहरुका लागि चार दिवसीय शिक्षण सिकाई तालिम शुरु गरिएको छ ।

जनकपुरधाममा बिहीबारदेखि शुरु भएको सो तालिममा प्रतिष्ठानमा रहेका विभिन्न संकायका २८ जना चिकित्सकहरुको सहभागिता रहेको जानकारी प्रतिष्ठानका सहप्रध्यापक डा. राजीव चौलागाईले दिए ।

भिसी डा. अंकुर साह र रजिष्ट्रार प्रा.डा. विनोद यादवको पहलमा प्रतिष्ठान अन्तर्गतको कलेजमा एमबिबिएस आइसकेपछि पहिलोपटक कार्यरत चिकित्सकहरुका लागि शिक्षण सिकाई तालिम आवश्यकता अनुसार शुभारम्भ गरिएको छ ।

यसले शिक्षण र सिकाईमा पुनर्ताजगीका साथै समयसापेक्ष ज्ञान अभिवृद्धिमा सहायक सिद्ध हुने विश्वास व्यक्त गरिएको छ ।

सो तालिममा प्रतिष्ठानका प्राध्यापकहरुसमेत रहेकाले सो तालिममा बाहिरबाट पनि प्रशिक्षकहरुले प्रशिक्षण दिने उनले जनाए ।

सो तालिममा प्रा.डा. जगदीश प्रसाद अग्रवाल, प्रा.डा मन्दिरा शाहीलगायतकाले प्रशिक्षण दिने जनाइएको छ ।

पढाएको विषयवस्तुहरु पाच्य हुनुपर्ने, सीपको विकास र पुनर्ताजगी, समन्वयका सीपहरु, वयस्कका कुराहरु, समीक्षा, मूल्यांकन र आगामी कार्ययोजना बनाउनका लागि पनि आयोजना गरिएको तालिमबाट सहभागिहरुले लाभ लिनसक्ने छन् ।

कार्यरत्त चिकित्सकहरुले आगामी दिनमा अभ्यास, शिक्षणलगायतमा आउने समस्या चुनौतीको सामना गर्नका लागि पनि तालिम महत्वपूर्ण भएको उनले बताए ।

# बिचौलियाको आरोपमा १८ जना पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको वीरगञ्ज बसपार्क तथा यातायात व्यवस्था कार्यालय वीरगञ्जमा दलाली गरी सेवाग्राहीलाई हैरानी दिएको आरोपमा १८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।



वीरगञ्ज महानगरपालिका-१६ स्थित बसपार्क क्षेत्रमा यात्रुहरूलाई दुःख, हैरानी दिने तथा यातायात कार्यालय पर्सा वीरगञ्जमा आएका सेवाग्राहीहरूलाई काम छिटोछरितो गरिदिन्छु भनि मोलतोल गर्ने, कार्यालय परिसरमा अनाधिकृत रूपमा प्रवेश गरी काम मिलाइदिने भन्दै प्रलोभनमा पारी अत्यधिक सेवा शुल्क लिने गरेको गुनासो आएपछि आरोपितलाई पक्राउ गरिएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सासले बताए ।

उनीहरुलाई बिहीबार दिउँसो साढे १२ बजे पक्राउ गरी सार्वजनिक शान्ति विरुद्धको कसूरमा थप अनुसन्धान कार्य भइरहेको उनले बताए ।

पक्राउ पर्नेहरुमा पर्सा विन्दवासिनी गाउँपालिका-१ का २१ वर्षीय सञ्जीव गुप्ता, वीरगन्ज-८ का ५१ को बिजय साह, वीरगञ्ज-१० का १८ वर्षीय बजरंगी महतो, २२ वर्षीय राहुल महतो, ३८ वर्षीय बिजय साह, २८ वर्षीय फिरोज खान, भारत विहार मोतिहारी बकतौराका २५ वर्षीय जटाशंकर कुमार, रौतहट माधवनारायण नपा-१ का २५ वर्षीय नरेश साह सोनार, गोरखा जिल्ला गोरखा नपा- ९ का २६ वर्षीय सुशान्त कुँवर रहेका छन् ।

त्यस्तै वीरगञ्ज-१० का ३५ वर्षीय प्रभु पटेल, वीरगञ्ज-१५ का ३१ वर्षीय सन्देश सिंह, वीरगञ्ज-१६ का २० वर्षीय विकाश पटेल, वीरगञ्ज-११ का ३१ वर्षीय जयपुजन ठाकुर, २३ वर्षीय मनिष महतो, २२ वर्षीय चन्दनकुमार चौरसिया, ३५ वर्षीय सन्तोष महतो, वीरगञ्ज-१४ का २३ वर्षीय इद मिया धोबी र वीरगन्ज-११ का ४० वर्षीय सुरज भगत माली रहेका छन् ।

# बजारमा नापतौल शिविर जारी

टुडे समाचारदाता

बारा । बाराको जितपुर बजारमा नापतौल शिविर शुरु भएको छ ।

जितपुरसिमरा नगर उद्योग वाणिज्य संघको समन्वयमा शिविर आयोजना गरिएको छ । नापतौल तथा गुणस्तर विभागको बीरगञ्ज कार्यालयका कर्मचारीहरुले जितपुरसिमराका व्यवसायीको नापतौल सामग्री परिक्षण तथा प्रमाणपत्र नवीकरण कार्यका लागि शिविर आयोजना गरिएको छ ।

जितपुरसिमरा नगर उद्योग वाणिज्य संघका उपाध्यक्ष गजेन्द्रकुमार गुप्ताका अनुसार मंगलवारदेखि तीन दिनसम्म शिविर चलेको थियो ।

उनले जनाएअनुसार बुधबार र बिहिबार सिमरास्थित आन्तरिक राजश्व कार्यालयसंगै रहेको उद्योग वाणिज्य संघको सेवा केन्द्रमा शिविर चलेको थियो । शुक्रबार जीतपुरसिमरा १५ डुमरवानास्थित वडा कार्यालय र शनिवार जीतपुरसिमरा २१ अमलेखगञ्जस्थित वडा कार्यालयमा नापतौल सामग्री जाँचका लागि घुम्ती शिविर सञ्चालन हुने उनको भनाइ छ ।

उपाध्यक्ष गुप्ताका अनुसार जीतपुरसिमराका व्यवसायीहरुलाई बीरगञ्जसम्म पुग्न झण्झटिलो तथा खर्चिलो हुने भएकाले सरल सेवा प्रदान गर्ने उद्देश्यले शिविरको आयोजना गरिएको छ ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले जीतपुर, सिमरा, डुमरवाना र अमलेखगञ्ज क्षेत्रका व्यवसायीहरुलाई शिविरमा सहभागी भई नापतौल सामग्री अद्यावधिक गर्न आग्रह गरेका छन् ।

नापतौल सामग्रीको अनुगमनका क्रममा हुने कारवाहीबाट बच्न समेत नापतौलका सामग्री अद्यावधिक आवश्यक रहेको भन्दै अध्यक्ष शर्माले शिवीरको फाइदा उठाउन उनले आग्रह गरे ।

नापतौल सामग्रीको जाँच शिवीरमा उद्योग वाणिज्य संघले आफ्ना व्यवसायीको प्रमाणपत्र समेत सँगै नविकरण गरिने संघका कोषाध्यक्ष रामबाबु कलवारले बताए ।

**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

**अपाङ्गताको आधारमा कसैलाई पनि:**

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने,
- सेवा सुविधाबाट अलग्याउने,

लगायतका कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।

**अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलो**

**अपाङ्गता भएका व्यक्तिको सम्मान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८